# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०८०/८१ – २०८२/८३)

# Medium Term Expenditure Framework

## (Fiscal Year 2023/24 - 2025/26)

पोखरा महानगरपालिका

**शहरी योजना आयोग**

पोखरा, कास्की

२०८०

पोखरा महानगरपालिका

# शहरी योजना आयोग

गण्डकी प्रदेश नेपाल

## भूमिका

पोखरा महानगरपालिकाले बि.सं २१०० सम्मको लागि तय गरेको **"समुन्नत पर्यटकीय पोखरा"** को दीर्घकालिन लक्ष्य, आवधिक रणनितिक योजना २०७७-८२, प्रथम त्रिवर्षीय योजना र सन् २०३० सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्न योजनावद्ध प्रयास भईरहेको छ ।पोखरा महानगरपालिकाको दीर्घकालिन सोंच, परिलक्षित लक्ष्य तथा निर्धारित उद्देश्य हासिल गर्न आयोजनाको पहिचान, छनौट, प्राथमिकिकरण, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनको अहम् महत्व छ ।

आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम र बजेट वीच सन्तुलन एवं तादाम्यता नहुँदा योजनाले निर्दिष्ट गरेका कार्यक्रमका लागि बजेट सुनिश्चतता नहुँने जस्ता समस्या न्यूनिकरण गर्न तथा वित्तीय अनुशासन कायम गर्न मध्यमकालिन संरचनालाइ वित्तीय औजारको रूपमा प्रयोग गरिंदै आएकोछ ।अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश तथा स्थानीय तहले अनिवार्यरूपमा मध्यम कालिन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था गरेकोछ ।

पोखरा महानगरपालिकामा शहरी योजना आयोगको स्थापना एवं सो सम्बन्धी कानूनबाट आयोगलाइ तोकिएका जिम्मेवारीहरू अनुरुप प्रस्तुत मध्यमकालिन खर्च संरचना तयार गरिएकोछ । यस संरचनामा आव २०८०/८१ को श्रोत तथा बजेट अनुमान तथा त्यस पछिका दुई आर्थिक बर्ष २०८१/८२ र आव २०८२/८३ को बजेट आय तथा खर्च प्रक्षेपण गरी तीन आर्थिक बर्षको चक्रीय बजेट प्रस्तुत गरिएको छ । प्रस्तुत संरचनाले आवधिक योजना तथा दिगो विकास लक्ष्य हासिल गर्न योगदान गर्ने अपेक्षा गरिएकोछ ।

प्रस्तुत संरचना तयार गर्न मार्गदर्शन गर्नु हुने पोखरा महानगरपालिकाका प्रमुख श्री धनराज आचार्य तथा उपप्रमुख श्री मञ्जुदेवी गुरूङ प्रति आभार व्यक्त गर्दछु । यसैगरी प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्र देव भारती, शहरी योजना आयोगका सदस्यहरू श्री जयप्रसाद सापकोटा, श्री मन्दिरा पराजुली, श्री सुरेन्द्रबावु तिवारी, श्री होमनाथ गैरे, पोखरा महानगरपालिकाका सबै जनप्रतिनिधिहरु, महाशाखा तथा शाखा प्रमुखहरू र यस कार्यमा प्राविधिक सहयोग उपलव्ध गराउने सुदृढ–नेपाल शहरी उत्थानशिलता परियोजनालाइ समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रेमलाल लामिछाने

उपाध्यक्ष

असार २०८०

# विषय सूची


**परिच्छेद १ : परिचय ........................................................................ १–५**

१.१ पृष्ठभूमि ........................................................................ १

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा .............................................. १

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य .......................................... २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू........................................ २

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया .................................. ३

**परिच्छेद २: मध्यमकालीन खर्च संरचना ....................................................... ६–१६**

२.१ पृष्ठभूमि ........................................................................ ६

२.२ चुनौती तथा अवसर ................................................................ ६

२.३ सोच, उद्देश्य तथा रणनीति .......................................................... ७

२.४ मध्यमकालीन आर्थिक खाका ........................................................ ९

२.५ मध्यमकालीन नतिजा खाका .......................................................... ९

२.६ मध्यमकालीन बजेट खाका .......................................................... १०

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ................................................ १२

२.८ विषय क्षेत्रगत बाँडफाँट ............................................................ १५

**परिच्छेद ३: आर्थिक क्षेत्र .................................................................. १७–३३**

**४.१ पर्यटन तथा सम्पदा .............................................................. १७**

४.१.१ पृष्ठभूमि ........................................................................ १७

४.१.२ समस्या तथा चुनौती .............................................................. १८

४.१.३ सोच ........................................................................ १८

४.१.४ उद्देश्य........................................................................ १८

४.१.५ रणनीति ........................................................................ १९

४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .............................................. १९

४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .................................... २०

४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .............................................. २०

४.१.९ जोखिम पक्ष तथा अनुमान .......................................................... २१

**३.२ कृषि तथा खाद्य सुरक्षा............................................................ २१**

३.२.१ पृष्ठभूमि........................................................................ २१

३.२.२ समस्या तथा चुनौती .............................................................. २१

३.२.३ सोच ........................................................................ २१

३.२.४ उद्देश्य ........................................................................ २२

३.२.५ रणनीति........................................................................ २२

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.............................................. २२

३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .................................... २२

३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.............................................. २३

३.२.९ जोखिम पक्ष तथा अनुमान .......................................................... २३

**३.३ सिंचाई ........................................................................ २३**

३.३.१ पृष्ठभूमि........................................................................ २३

३.३.२ समस्या तथा चुनौती .............................................................. २४

३.३.३ सोच ........................................................................................ २४
३.३.४ उद्देश्य ........................................................................................ २४
३.३.५ रणनीति ........................................................................................ २४
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ २४
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................ २४
३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................ २५
३.२.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ २५
**३.४ पशु विकास ........................................................................................ २५**
३.४.१ पृष्ठभूमि ........................................................................................ २५
३.४.२ समस्या तथा चुनौती ........................................................................ २५
३.४.३ सोच ........................................................................................ २६
३.४.४ उद्देश्य ........................................................................................ २६
३.४.५ रणनीति ........................................................................................ २६
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ २६
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................ २६
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................ २६
३.३.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ २७
**३.५ उद्योग तथा व्यापार ........................................................................ २७**
३.५.१ पृष्ठभूमि ........................................................................................ २७
३.५.२ समस्या तथा चुनौती ........................................................................ २७
३.५.३ सोच ........................................................................................ २८
३.५.४ उद्देश्य ........................................................................................ २८
३.५.५ रणनीति ........................................................................................ २८
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ २८
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................ २९
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................ २९
३.५.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ २९
**३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा ................................................ २९**
३.६.१ पृष्ठभूमि ........................................................................................ २९
३.६.२ समस्या तथा चुनौती ........................................................................ २९
३.६.३ सोच ........................................................................................ ३०
३.६.४ उद्देश्य ........................................................................................ ३०
३.६.५ रणनीति ........................................................................................ ३०
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ ३०
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................ ३१
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................ ३१
३.६.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ ३१
**३.७ श्रम, रोजगारी तथा गरिबी निवारण ........................................................ ३१**
३.७.१ पृष्ठभूमि ........................................................................................ ३१
३.७.२ समस्या तथा चुनौती ........................................................................ ३२
३.७.३ सोच ........................................................................................ ३२

३.७.४ उद्देश्य ........................................................................ ३२
३.७.५ रणनीति ........................................................................ ३२
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ३२
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ ३३
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ३३
३.७.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ ३३
**परिच्छेद ४: सामाजिक विकास ........................................................................ ३४–४९**
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि ........................................................................ ३४**
४.१.१ पृष्ठभूमि ........................................................................ ३४
४.१.२ समस्या तथा चुनौती ........................................................................ ३४
४.१.३ सोच ........................................................................ ३५
४.१.४ उद्देश्य ........................................................................ ३५
४.१.५ रणनीति ........................................................................ ३५
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ ३६
४.१.९ अनुमान तथा जोखिम ........................................................................ ३७
**४.२ स्वास्थ्य तथा पोषण ........................................................................ ३७**
४.२.१ पृष्ठभूमि ........................................................................ ३७
४.२.२ समस्या तथा चुनौती ........................................................................ ३७
४.२.३ सोच ........................................................................ ३८
४.२.४ उद्देश्य ........................................................................ ३८
४.२.५ रणनीति ........................................................................ ३८
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ ३९
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ३९
४.२.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ ४०
**४.३ खानेपानी तथा सरसरफाई ........................................................................ ४१**
४.३.१ पृष्ठभूमि ........................................................................ ४१
४.३.२ समस्या तथा चुनौती ........................................................................ ४१
४.३.३ सोच ........................................................................ ४१
४.३.४ उद्देश्य ........................................................................ ४१
४.३.५ रणनीति ........................................................................ ४१
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ४२
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ ४२
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ४२
४.३.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ ४३
**४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण ........................................................................ ४३**
४.४.१ पृष्ठभूमि ........................................................................ ४३
४.४.२ समस्या तथा चुनौती ........................................................................ ४४
४.४.३ सोच ........................................................................ ४४
४.४.४ उद्देश्य ........................................................................ ४४
४.४.५ रणनीति ........................................................................ ४४
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ४५

४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४५
४.४.९ जोखिम पक्ष तथा अनुमान ........ ४६
**४.५ युवा, खेलकुद तथा नवप्रवर्तन ........ ४७**
४.५.१ पृष्ठभूमि ........ ४७
४.५.२ समस्या तथा चुनौती ........ ४७
४.५.३ सोच ........ ४७
४.५.४ उद्देश्य ........ ४७
४.५.५ रणनीति ........ ४८
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य (चालु आ.व. को) ........ ४८
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४८
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (चालु आ.व. को) ........ ४८
४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ४९
**परिच्छेद ५: पूर्वाधार क्षेत्र ........ ५०-५९**
**५.१ बस्ती विकास, आवास तथा भवन ........ ५०**
५.१.१ पृष्ठभूमि ........ ५०
५.१.२ समस्या तथा चुनौती ........ ५०
५.१.३ सोच ........ ५१
५.१.४ उद्देश्य ........ ५१
५.१.५ रणनीति ........ ५१
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५१
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५१
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५२
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ५३
**५.२ सडक, पुल तथा यातायात ........ ५३**
५.२.१ पृष्ठभूमि ........ ५३
५.२.२ समस्या तथा चुनौती ........ ५३
५.२.३ सोच ........ ५४
५.२.४ उद्देश्य ........ ५४
५.२.५ रणनीति ........ ५४
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५४
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५५
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५५
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ५५
**५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ ५६**
५.३.१ पृष्ठभूमि ........ ५६
५.३.२ समस्या तथा चुनौती ........ ५६
५.३.३ सोच ........ ५६
५.३.४ उद्देश्य ........ ५६
५.३.५ रणनीति ........ ५६
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५७
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५७

५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५७
५.३.९ जोखिम पक्ष तथा अनुमान ........ ५७
**५.४ सूचना तथा सञ्चार प्रविधि ........ ५७**
५.४.१ पृष्ठभूमि ........ ५७
५.४.२ समस्या तथा चूनौती ........ ५८
५.४.३ सोच ........ ५८
५.४.४ उद्देश्य ........ ५८
५.४.५ रणनीति ........ ५८
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५८
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५९
५.४.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ५९
**परिच्छेद ६ : वन, जैविक विविधता तथा भू-संरक्षण ........ ६८-६७**
**६.१ वन, जैविक विविधता तथा भू-संरक्षण ........ ६०**
६.१.१ पृष्ठभूमि ........ ६०
६.१.२ समस्या तथा चुनौती ........ ६०
६.१.३ सोच ........ ६१
६.१.४ उद्देश्य ........ ६१
६.१.५ रणनीति ........ ६१
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६१
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६२
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६२
६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६२
**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ६२**
६.२.१ पृष्ठभूमि ........ ६२
६.२.२ समस्या तथा चुनौती ........ ६३
६.२.४ उद्देश्य ........ ६३
६.२.५ रणनीति ........ ६३
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६३
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६४
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६४
६.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६४
**६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुल ........ ६५**
६.३.१ पृष्ठभूमि ........ ६५
६.३.२ समस्या तथा चुनौती ........ ६५
६.३.३ सोच ........ ६५
६.३.४ उद्देश्य ........ ६५
६.३.५ रणनीति ........ ६६
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६६
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६६
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६६

६.३.९ जोखिम पक्ष तथा अनुमान ........ ६७
**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६८–७४**
**७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६८**
७.१.१ पृष्ठभूमि ........ ६८
७.१.२ समस्या तथा चुनौती ........ ६८
७.१.३ सोच ........ ६८
७.१.४ उद्देश्य ........ ६८
७.१.५ रणनीति ........ ६८
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६९
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६९
७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६९
**७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ ६९**
७.२.१ पृष्ठभूमि ........ ६९
७.२.२ समस्या तथा चुनौती ........ ७०
७.२.३ सोच ........ ७०
७.२.४ उद्देश्य ........ ७०
७.२.५ रणनीति ........ ७०
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७०
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७१
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७१
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ७१
**७.३ राजस्व तथा स्रोत परिचालन ........ ७१**
७.३.१ पृष्ठभूमि ........ ७१
७.३.२ समस्या तथा चुनौती ........ ७१
७.३.३ सोच ........ ७१
७.३.४ उद्देश्य ........ ७१
७.३.५ रणनीति ........ ७२
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७२
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७२
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७२
७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ७२
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ७२**
७.४.१ पृष्ठभूमि ........ ७२
७.४.२ समस्या तथा चुनौती ........ ७३
७.४.३ सोच ........ ७३
७.४.४ उद्देश्य ........ ७३
७.४.५ रणनीति ........ ७३
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७३
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७४
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७४

७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान ....................................................................... ७४
*अनुसूची १ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन........ ७५*
*अनुसूची २ : खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण... ८२*

## तालिका सूची

तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य ........................................ ९
तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ........................................१०
तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण .......................................................१२
तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण........................१३
तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ..................१४
तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ...............१४
तालिका २.७ : लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण..........१४
तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ..........१५
तालिका २.१० : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा).........१५

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यस सन्दर्भमा यस महानगरपालिको कार्यपालिका, विषयगत समिति, विषयगत महाशाखा, शाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श गरी त्रिवर्षीय आवधिक योजना, महानगरपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार मानिएको छ। यसै क्रममा बेलायत सरकारको सहयोगमा महानगरमा सञ्चालित सुदृढ–नेपाल शहरी उत्थानशीलता परियोजना समेतको सहयोगमा पोखरा महानगरपालिका शहरी योजना आयोगले आगामी तीन वर्षको खर्च प्रक्षेपणसहित पोखरा महानगरपालिकाको मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) तयार गरेको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरू समावेश गरिएको हुन्छ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तरगतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नु

पर्दछ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

यस मध्यमकालीन खर्च संरचनाबाट महानगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस खर्च संरचनाले महानगरको दीर्घकालीन सोच **'समुन्नत पर्यटकीय पोखरा'** र त्रिवर्षीय आवद्यिक योजना, प्रादेशिक तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट महानगरलाई आगामी आर्थिक वर्षहरूको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) महानगरपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्राबधानहरू एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- गण्डकी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- महानगरको त्रिवर्षीय आवधिक योजना (२०७८/७९-२०८०/८१)
- महानगरको मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२)

- महानगरका अन्य विषय क्षेत्रगत नीति र योजनाहरू

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरू प्रयोग गरी यस मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन तर्जुमा गरिएको छ :

**चरण - १: तयारी चरण**

***प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोलि परिचालन परिचालन***

यस महानगरपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सुदृढ-नेपाल शहरी उत्थानशीलता परियोजना मार्फत परामर्शदाता सहित शहरी योजना आयोगबाट विज्ञ टोलि परिचालन गरियो । यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्यका साथै परामर्शदाताको जिम्मेवारी स्पष्ट गरियो ।

***प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा***

महानगरपालिका शहरी योजना आयोगको मार्गदर्शनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा महानगरका आवधिक योजनाहरू
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- पोखरा महानगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

***प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा शहरी योजना आयोग सहित महानगरका पदाधिकारी समेतको उपस्थितिमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया

औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण - २: लेखाजोखा चरण**

***प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक छलफल***

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले शहरी योजना आयोगका पदाधिकारीहरूसँग प्रारम्भिक छलफल गरिएको थियो । उक्त छलफलमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुभाईमा एकरुपता कायम गर्नुका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा सुदृढ परियोजना तथा शहरी योजना आयोगको सहकार्यमा अभिमुखिकरण गरिएको थियो ।

***प्रक्रिया ५: विषयगत महाशाखासँग परामर्श***

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति, महाशाखा र ईकाइसँग परामर्श तथा छलफल सम्पन्न गरिएका थियो । परामर्शबाट हालसम्मका उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरिएको थियो ।

***प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण***

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको श्रोत उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई विगत आ.व.हरूको संकलन अवस्था तथा चालु आ.व.मा महानगरले गरेका प्रयासका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरूको खर्च सहित महानगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत महाशाखालाई क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण - ३: तयारी चरण**

***प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा***

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत महाशाखासँग छलफल तथा बैठक गरियो विषयगत महाशाखा र शाखाका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

### *प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत महाशाखा/शाखा/ईकाइलाई आवश्यक सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत महाशाखा/शाखा/ईकाइबाट तयार उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

### *प्रक्रिया ९: एकिकृत मस्यौदा तयारी तथा सुझावका लागि पेश*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । शहरी योजना आयोग र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी मध्यमकालीन खर्च संरचनाको एकिकृत दस्तावेज तयार गरियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, आवधिक योजना, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा आवधिक योजनाका परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको मस्यौदा नगर कार्यपालिका समक्ष पेश गरिएको थियो ।

### *प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर नगरपालिकाबाट प्राप्त सुझावहरू समेटी दस्ताबेजलाई आवश्यक परिमार्जन गरिएको हो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्याङ्क विभिन्न महाशाखा तथा शाखाहरूबाट संकलन गरी यस परिमार्जित मस्यौदामा समेटीएको छ ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ । नेपालमा दशौं राष्ट्रिय योजनादेखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो ।

संघीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार यस महानगरपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपाल: सुखी नेपाली**को दीर्घकालीन सोचअनुरुप तयार चालु पन्धौं योजना र गण्डकी प्रदेश सरकारको प्रथम आवधिक योजना र महानगरको प्रथम आवधिक योजनाका नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। मध्यमकालीन खर्च संरचनाले यसतर्फ महानगरपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्ष (२०८०/८१-२०८२/८३) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरूको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र महानरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । महानगरकाका तुलनात्मक लाभका क्षेत्रहरू, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्धौ योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना र महानगरको त्रीवर्षीय आवधिक योजनाको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस महानगरपालिकाले प्रमुख चुनौतीको रुपमा लिएको छ। यसका साथै विश्वव्यापी रुपमा देखिएको आर्थिक सिथिलता, वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिमलगायत नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण गरी उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चुनौतीको रुपमा रहेको छ ।

यसका साथै व्यवस्थित शहरीकरण, सुबिधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुबिधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि महानगर विकासको चुनौतीको रुपमा रहेका छन् । वित्तीय संघीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चुनौतीपूर्ण छ ।

संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरू बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरू हुन् । महानगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्धारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक र सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी महानगरपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ । यसका साथै समय समयमा देखापर्ने महामारी तथा विपद्ले आम जन समुदायलाई सचेत तुल्याउँदै लगेको परिपेक्षेमा बलियो सुरक्षित निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यस खर्च संरचना केन्द्रित रहेको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा महानगरपालिकाको दीर्घकालीन सोच र त्रिवर्षीय आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण महानगरको समावेशी स्थानीय आर्थिक विकास योजना र अन्य क्षेत्रगत रणनीतिक योजनाहरूका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, गण्डकी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं संघ, प्रदेश र महानगरका विषयगत नीतिको समेत उपयोग गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.३.१ दीर्घकालीन सोच

महानगरको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

***'समुन्नत पर्यटकीय पोखरा'***
***'Prosperous Touristic Pokhara'***

***'समुन्नत शहर'*** को संकथनले स्थानीय स्रोत साधनको समुचित उपयोग र दिगो व्यवस्थापनको माध्यमबाट हासिल दिगो, समावेशी र विविधीकृत आर्थिक विकास र आनन्दमय शहरको छविलाई चित्रित गर्दछ । यसभित्र वृत्ताकार तथा हरित अर्थतन्त्रको अधिकतम प्रवर्द्धन, उत्थानशील पूर्वाधार सञ्जाल तथा सुदृढ बजार प्रणाली र विकास प्रतिफलको समन्यायिक वितरण जस्ता अवधारणा समाविष्ट छन् ।

***'पर्यटकीय शहर'*** को उपमा मार्फत नेपालको मात्र नभई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यमध्ये पर्ने अनुपम प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिपूर्ण पोखराको पर्यटकीय महत्वलाई अझ बढी ओजपूर्ण बनाउने प्रयास गरिएको छ ।

### २.३.२ महानगर विकासको लक्ष्य

महानगरको दीर्घकालीन सोचको आधार योजनाको रुपमा रहेको प्रथम आवधिक योजनामा तय गरिएको महानगरको विकासको लक्ष्य देहायअनुसार छन् :

१. महानगरबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने ।

२. जनशक्ति विकास, ज्ञान तथा प्रविधिमा आधारित अर्थतन्त्रको विकास गर्ने ।

३. हरित, उत्थानशील र समावेशी विकासका लागि सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने ।

४. चुस्त सेवा प्रवाह, सुशासन तथा संस्थागत क्षमता विकासको अभिवृद्धि गर्ने ।

५. सन्तुलित पर्यावरण तथा समावेशी र उत्थानशील पूर्वाधार विकास गर्ने ।

६. लैङ्गिक, जातीय, वर्गीय तथा सामाजिक बहिष्करणमा परेका समुदायको मुल प्रवाहीकरण गर्ने ।

७. विज्ञान, प्रविधि, नवप्रवर्तन र सूचना तथा सञ्चार क्षेत्रको उच्चतम उपयोग गर्ने ।

८. जलवायु परिवर्तन अनुकूलन र कार्बन तथस्ठता उन्मुख विकासको आधार तयार गर्ने ।

### २.३.३ महानगर विकासको उद्देश्य

१. आर्थिक अवसरहरूलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिको गतिलाई तीव्रता दिने ।

२. शहरी भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै शहरी सेवा तथा सुबिधामा शहरबासीको सहज पहुँच स्थापित गर्ने ।

३. शहरको प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी पोखरालाई उत्कृष्ठ पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने ।

४. महानगरबासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी महानगरलाई एक आदर्श शहरका रूपमा स्थापित गर्ने ।

५. शहरको सर्वतोमुखी विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानूनको तर्जुमा, संस्थागत संरचनाको निर्माण र सक्षम एवम् उत्प्रेरित मानव संसाधनमार्फत शहरी सुशासन प्रत्याभूती गर्ने ।

६. महानगर क्षेत्रको सन्तुलित तथा सान्यायिक विकास गर्ने ।

### २.३.४ महानगर विकासको रणनीति

महानगरको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिएका छन् :

१. न्यून कार्बन उत्सर्जन हुने हरित, उत्थानशील, समावेशी र सन्तुलित विकास अभ्यासको प्रवर्द्धन गर्नु ।

२. आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट पर्यटकीय शहरको निर्माण गर्नु ।

३. शहरी सुबिधायुक्त वातावरणमैत्री शहरी विकास गर्नु ।

४. प्रकृतिमा आधारित विकास निर्माण अभ्यास मार्फत विपद् उत्थानशील पूर्वाधारको विकास गर्नु ।

५. वातावरण संरक्षण प्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण गर्नु ।

६. फोहोरमैला प्रशोधन र समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नविनतम प्रविधिको प्रयोग गर्नु ।

७. सामाजिक तथा नैतिक रूपमा जिम्मेवार, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील शिक्षा प्रणालीको विकास गर्नु ।

८. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्नु ।

९. महानगरका सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको समुचित सहभागिता सुनिश्चितता गर्नु ।

१०. सार्वजनिक सेवाको गुणस्तर सुधार तथा सबै महानगरवासीको सहज पहुँच कायम गर्नु ।

११. अन्तर-सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिकबीच अर्थपूर्ण समन्वय, साझेदारी र सहकार्यको अभिवृद्धि गर्नु ।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, गण्डकी प्रदेशको "समृद्ध प्रदेश र सुखी नागरिक" को सोच र पोखरा महानगरपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य*** **(प्रचलित मूल्यमा)**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **१.** | **महानगरको कुल वार्षिक उत्पादन/आय** | **रु. लाखमा** | १२०८६६१ | १२६०७८० | १३२३८१९ | १३९००१० | १४५९५१० |
| १.१ | कृषि क्षेत्रको उत्पादन/आय | रु. लाखमा | १२५७१० | १३११३२ | १४१६२३ | १५२९५२ | १६५१८९ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्रको उत्पादन/आय | रु. लाखमा | ९१५१५१ | ९५४६१२ | १०६९१६५ | ११९७४६५ | १३४११६१ |
| १.३ | सार्वजनिक क्षेत्रको उत्पादन/आय | रु. लाखमा | १६७८०१ | १७५०४२ | १७८५४३ | १८२११४ | १८५७५६ |
| २. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | संख्या | १११७५३ | ११६२२३ | ११८५४७ | १२०९१८ | १२१७५३ |
| ३. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७२ | ७५ | ८० | ८१ | ८२ |
| ४. | प्रतिव्यक्ति वार्षिक औसत आय (बजार विनिमय दर) | अमेरिकी डलरमा | १८८३ | १८८८* | १९१६ | १९७४ | २०१७ |
| ५. | प्रतिव्यक्ति वार्षिक औसत आय | रु. हजारमा | २३५.३७ | २७० | २९४ | ३२७ | ३७० |
| ६. | प्रतिव्यक्ति आय क्रयशक्ति समता (पीपीपी) विनिमय दर | अमेरिकी डलरमा | ६९६४ | ७०६४** | ७१९१ | ७२३२ | ७३८९ |

*स्रोत: आवधिक योजना तथा विषयगत विवरण*

* औसत एक अमेरिकी डलर बराबर १३० नेपाली रुपैयाँ, ** एक अमेरिकी डलर बराबर ३३ रुपैयाँ ८० पैसा, २०२१, वि.बैं.

## २.५ मध्यमकालीन नतिजा खाका

पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा महानगरपालिकाको वर्तमान आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन

आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

***तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७८/७९ को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | १७० | १८० | १८५ | १९० |
| २ | वार्षिक पोखरा भ्रमण गर्ने पर्यटक संख्या | हजारमा | ७०० | ७५० | ८०० | ८५० |
| ३ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुबिधा उपलब्ध जमीन | प्रतिशत | ५९ | ६१ | ६२ | ६३ |
| ४ | साक्षरता दर | प्रतिशत | ९५.३ | ९७.५ | ९८.० | ९८.२ |
| ५ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९३.४ | ९५.५ | ९५.५ | ९५.५ |
| ६ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ९४ | ९५ | ९५.५ | ९६ |
| ७ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ९.३९ | ७.२३ | ५.८१ | ५.०० |
| ८ | वृद्धि अनुगमन गरिएका २३ महिना मुनिका बालबालिका मध्ये कम तौल भएका बालबालिका | प्रतिशत | ०.६ | ०.५ | ०.४६ | ०.४ |
| ९ | आधारभूत खानेपानी सुबिधा पुगेका घरपरिवार | प्रतिशत | ९० | ९२ | ९३ | ९४ |
| १० | जीवनमा शारिरीक तथा यौन हिंसामा परेका महिला | प्रतिशत | १ | ०.९ | ०.८ | ०.४ |
| ११ | नगरस्तरीय संघ संस्थामा महिलाको सहभागिता | प्रतिशत | ३३ | ३५ | ४० | ४२ |
| १२ | घरबाट ३० मिनेटको पैदल यात्रमा पक्की सडकको पहुँच भएको जनसंख्या | प्रतिशत | ७० | ७५ | ८० | ८५ |
| १३ | सुरक्षित आवासमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ६५ | ६८ | ७० | ७३ |
| १४ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ९०.७ | ९२.५ | ९५ | ९७ |
| १५ | प्रति वर्ग किलोमिटर सडक घनत्व | अनुपात | ३.१ | ३.६५ | ३.७ | ३.७५ |
| १६ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ८५ | ९० | ९३ | ९५ |
| १८ | वृक्षारोपण भएको क्षेत्र (वार्षिक थप) | हेक्टर | १५० | १७० | १८० | २०० |
| १९ | महानगरपालिका को नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६० | ७० | ७५ | ८० |
| २० | प्रति व्यक्ति वार्षिक बजेट लगानी | रु. हजारमा | ९.२ | १३.९ | १४.५ | १६ |
| २१ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | प्रतिशत | ८० | ८५ | ९० | ९५ |
| २२ | स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा हासिल भएको अंक | प्रतिशत | ६९.७५ | ७२ | ७३ | ७५ |

*स्रोत: पहिलो आवधिक योजना र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

महानगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। महानगरपालिका को प्रथम प्रयासको तयार यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा

आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई समेत प्राथमिता दिइएको छ ।

नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, महानगरपालिकाले राजस्व परिचालनमा लिएका नीति तथा सो को आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची १** मा प्रस्तुत छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा महानगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा महानगरपालिका को प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम, रोयल्टी (वन तथा खानी तथा खनिज) र आन्तरिक श्रोत समेतका आधारमा महानगरपालिका लाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ ।  नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. २५ अर्ब २८ करोड ४३ लाख ५६ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । यस मध्ये चालु खर्च रु ११ अर्व २० करोड ५६ लाख २७ हजार (४४ प्रतिशत) र पुँजीगत खर्च रु. १४ अर्व ७ करोड ८७ लाख २९ हजार (५६ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ । त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ७ अर्व ५४ करोड २६ लाख ३३ हजार (२९.८३ प्रतिशत), राजस्व बाँडफाटबाट रु. ४ अर्व ७९ करोड ५६ लाख ३९ हजार (१८.९७ प्रतिशत), रोयल्टीबाट रु. १ करोड ४ लाख ४८ हजार (०.०४ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. ११ अर्ब ५७ करोड १५ लाख ८८ हजार (४५.७७ प्रतिशत) र  प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ३४ करोड २३ लाख ८८ हजार (१.३५ प्रतिशत), ऋृण प्राप्तीबाट रु. ५४ करोड ४८ लाख ६ हजार (२.१५ प्रतिशत) र नगर मौज्दातबाट ४७ करोड ६८ लाख ६५  हजार (१.८९ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

*तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)*

| क्र. सं. | शिर्षक | २०७७/७८ यथार्थ | २०७८/७९ यथार्थ | २०७९/८० संशोधित | अनुमान तथा प्रक्षेपण | | | ३ वर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| क. | **खर्च** | ५४९७२८५ | ४१६९५६८ | ९०८५३६० | ७१५१५१७ | ८३९८२५२ | ९७३४५८७ | २५२८४३५६ |
| | चालु खर्च | २५१५२२० | २३८२११७ | ३९६१७८५ | ३२८९३१९ | ३६६६४५० | ४२४९८५८ | ११२०५६२७ |
| | पुँजीगत खर्च | २९८२०६४ | १७८७४५१ | ५०६८१५५ | ३८६२१९८ | ४७३१८०२ | ५४८४७२९ | १४०७८७२९ |
| | वित्तीय व्यवस्था | ० | ० | ५५४२० | ० | ० | ० | ० |
| ख. | **आम्दानी** | ५५१८२५४ | ५४२६५७७ | ९०८५३६० | ७१५१५१७ | ८३९८२५२ | ९७३४५८७ | २५२८४३५६ |
| १ | **आन्तरिक आय** | २२६५१११ | १०५७३१४ | १६०८३४८ | २२७८७४१ | २५०६६१५ | २७५७२७७ | ७५४२६३३ |
| २ | **राजस्व बाँडफाँट** | ३५०१०१ | १५२९७०८ | १७७८५८३ | १४६६२५८ | १५९४५७१ | १७३४८०० | ४७९५६२९ |
| | *नेपाल सरकार* | ३०६४०० | ४०८८३९ | ३७३७८१ | ३६६२५६ | ३८४५६९ | ४०३७९७ | ११५४६२२ |
| | *प्रदेश सरकार* | ४३७०१ | ११२०८६९ | १४०४८०२ | ११००००२ | १२१०००२ | १३३१००२ | ३६४१००७ |
| ३ | **रोयल्टी बाँडफाँट** | ० | ३३९७ | ० | ० | ४९७५ | ५४७३ | १०४४८ |
| | *वन रोयल्टी* | ० | २४ | ० | ० | ३०० | ३३० | ६३० |
| | *विद्युत रोयल्टी* | ० | ३१६४ | ० | ० | ४५०० | ४९५० | ९४५० |
| | *पर्वतारोहण रोयल्टी* | ० | २०९ | ० | ० | १७५ | १९३ | ३६८ |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | २६९००७६ | २७३७८९९ | २८८२९०५ | २८४७२९१ | ३९५५२३१ | ४७६९०६६ | ११५७१५८८ |
| | *वित्तीय समानीकरण अनुदान* | ५७७३०० | ६२९१०० | ६५८६०० | ४८७००० | ५११३५० | ५३६९१८ | १५३५२६८ |
| | *सशर्त अनुदान* | ११६२७७६ | २०७२६९९ | २१५६३०५ | २२३६२०० | २४५१८२०<br>0 | २७७१५१७ | ७४७५६१७ |
| | *समपुरक अनुदान* | ६०००० | ३६१०० | २८००० | ० | ० | ० | ० |
| | *विशेष अनुदान* | ९०००० | ० | ४०००० | ४०००० | २०००० | २१००० | ८१००० |
| | *अन्य अनुदान (URLIP)* | ० | ० | ० | ८४०९१ | ९६४०६१ | १४३१५५२ | २४७९७०४ |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ११२९६६ | ९८२५४ | १२२३२० | १०२३६२ | ११०६९८ | १२९३२८ | ३४२३८८ |
| | *वित्तीय समानीकरण अनुदान* | २०९६६ | ८२८०४ | ८२८२० | ७९३६२ | ८७२९८ | १०४७५८ | २७१४१८ |
| | *सशर्त अनुदान* | ३२००० | १३४५० | २९५०० | ८००० | ८४०० | ८८२० | २५२२० |
| | *समपुरक अनुदान* | ६०००० | २००० | १०००० | १५००० | १५००० | १५७५० | ४५७५० |
| | *विशेष अनुदान* | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | **अन्य आन्तरिक अनुदान** | १००००० | ० | ० | ० | ० | ० | ० |
| ७ | **ऋृण प्राप्ती (TDF-URLIP)** | ० | ० | ० | ० | २१६१६२ | ३२८६४४ | ५४४८०६ |
| ८ | **मौज्दात रकम** | ० | ० | २६९३२०४ | ४५६८६५ | १०००० | १०००० | ४७६८६५ |
| ग. | **बचत/न्यून** | २०९६९ | १२५७००९ | ० | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)*

| क्र.सं. | रणनीतिक स्तम्भ | आयोजना कार्यक्रम | २०८०/८१ अनुमान | | २०८१/८२ प्रस्तावित | | २०८२/८३ प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | न्यून कार्बन उत्सर्जन हुने हरित, उत्थानशील, समावेशी र सन्तुलित विकासमार्फत् तीव्र आर्थिक वृद्धि गर्ने, | १० | २२२३४३ | ३ | २३०८५३ | ३ | २६२१८२ | ३ |
| २ | आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट तथा पर्यटकीय सहरको विकास गर्ने, | ११ | ३६२६४८ | ११ | ९५३१७४ | १५ | १५८०८४१ | १५ |
| ३ | सुरक्षित आवास, बजार, यातायात, स्वच्छ उर्जा तथा संचार सुबिधाको विकास, विस्तार र स्तरोन्नति गर्ने, | १७ | ६९६२७१ | ८ | ६६३८७६ | ७ | ७१०५०५ | ७ |
| ४ | विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, जलवायु अनुकुलित तथा विपद् उत्थानशील र दिगो बनाउने, | १ | ४००७५ | ०.५ | ४१६०९ | ०.५ | ४७२५५ | ०.५ |
| ५ | स्थानीय सेवा प्रवाह, संस्थागत क्षमता, विकास व्यवस्थापन र जवाफदेहिता अभिवृद्धि गर्ने, | १९ | २३७९४०८ | ३५ | ३०५७५१८ | ३४ | ३४४४२६१ | ३४ |
| ६ | वातावरणप्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण गर्ने, | ९ | १४०६४० | ३ | २४२०२३ | ३ | ३१३२७६ | ३ |
| ७ | फोहोरमैला प्रशोधन र समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नवीनतम प्रविधिको प्रयोग गर्ने, | ४ | १४६५८७ | २ | १५२४५१ | २ | १७०००० | २ |
| ८ | सामाजिक तथा नैतिक रूपमा जिम्मेवार, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील शिक्षा प्रणाली विकास गर्ने, | ७ | १६६११९९ | २० | १७२४७७८ | १९ | १९५८८४६ | १९ |
| ९ | स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, | १८ | ३४६६८७ | ४ | ३५९९५६ | ४ | ४०८८०५ | ४ |
| १० | महानगरका सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको सहभागिता सुनिश्चितता गर्ने, | ८ | २०३०४७ | २ | २१०८१८ | २ | २३९४२८ | २ |
| १३ | जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने, | ४ | ९५२६१२ | ११ | ९८९०७१ | ११ | ११२३२९७ | ११ |
| | **जम्मा** | **१०८** | **७५१५१७** | **१००** | **८६२६१२५** | **१००** | **१०२५८६९७** | **१००** |

**ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ७६ | २७५१७५१ | ३८ | ४१०५२३३ | ४८ | ५१९१७७० | ५१ |
| प्राथमिकता दोश्रो (P2) | ३२ | ४३९९७६६ | ६२ | ४५२०८९३ | ५२ | ५०६६९२७ | ४९ |
| **जम्मा** | **१०८** | **७१५१५१७** | **१००** | **८६२६१२५** | **१००** | **१०२५८६९७** | **१००** |

### ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

***तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरू | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ३ | ३५३२९८ | ५ | ३४६७३३ | ४ | ३८८९८० | ४ |
| २ | शुन्य भोकमरी | ७ | १०९७४६ | २ | ११३९४६ | १ | १२९४१० | १ |
| ३ | स्वस्थ्य जीवन | १४ | २९८९०२ | ४ | ३१०३४२ | ४ | ३५२४५८ | ३ |
| ४ | गुणस्तरीय शिक्षा | १२ | १७१३९८४ | २४ | १७७९५८३ | २१ | २०२१०८९ | २० |
| ५ | लैङ्गिक समानता | ७ | ९०२११ | १ | ९३६६४ | १ | १०६३७५ | १ |
| ६ | सफा पानी र स्वच्छता | ७ | १५०७६३ | २ | १५६५३३ | २ | १७७७७६ | २ |
| ७ | आधुनिक उर्जामा पहुँच | २ | ७१५५० | १ | ७४२८८ | १ | ८४३७० | १ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | २ | ३३४२० | ०.५ | ३४६९९ | ०.५ | ३९४०९ | ०.५ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | १५ | २२१७६१७ | ३१ | २८३३८६३ | ३३ | ३१४६१७५ | ३१ |
| १० | असमानता न्यूनीकरण | १ | ११२८३६ | २ | ११७१५४ | १ | १३३०५३ | १ |
| ११ | दिगो शहर र समुदाय | २० | ६८७२७१ | १० | १२८३०८५ | १५ | १९२३४१० | १९ |
| १२ | दिगो उपभोग र उत्पादन | ४ | १४४८३० | २ | १७४४७९ | २ | २३५९८९ | २ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | २ | ४२००० | १ | १३९६०७ | २ | १९३५२५ | २ |
| १४ | जमीन माथिको जीवन | ८ | १७२४७७ | २ | १७९०७८ | २ | २०३३८१ | २ |
| १५ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | २ | १३२४१३ | २ | १३७४८१ | २ | १५६१३८ | २ |
| १६ | दिगो विकासका लागि साझेदारी | २ | ८२०१९९ | ११ | ८५१५९० | १० | ९६७१५९ | ९ |
| | **जम्मा** | **१०८** | **७१५१५१७** | **१००** | **८६२६१२५** | **१००** | **१०२५८६९७** | **१००** |

### घ. लैङ्गिक संकेतको आधारमा बाँडफाँट

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

***तालिका २.७: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| लैङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | २२ | ३७१४८० | ५ | ३५०३४१ | ३ | ३९६५२२ | ४ |
| सहयोगी | ७१ | ६४८३९६५ | ९१ | ७९३५२९६ | ७७ | ९४७६९८९ | ९२ |
| तटस्थ | १५ | २९६०७२ | ४ | १९७३०६० | १९ | ३८५१८६ | ४ |
| **जम्मा** | **१०८** | **७१५१५१७** | **१००** | **१०२५८६९७** | **१००** | **१०२५८६९७** | **१००** |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

*तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| जलवायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | १७ | ३०९६२५ | ४ | १०११६४६ | १२ | १७०४८१४ | १७ |
| अप्रत्यक्ष लाभ | ५१ | ६१८३२५२ | ८६ | ६९५८९५८ | ८१ | ७७९१७०९ | ७६ |
| तटस्थ | ४० | ६५८६४० | ९ | ६५५५२२ | ८ | ७६२१७४ | ७ |
| **जम्मा** | १०८ | ७१५१५१७ | १०० | ८६२६१२६ | १०० | १०२५८६९७ | १०० |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची २** समावेश गरिएको छ।

*तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाँट र प्रक्षेपण (रकम रु. हजारमा)*

| क्र.स. | विषय क्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | पर्यटन तथा संस्कृति | ३५८९३८ | १९७१८३ | १६१७५५ | ९४९५७६ | २५३६६८ | ६९५९०८ | १५७७०५१ | ३०९८६६ | १२६७१८५ |
| २ | कृषि | ६५१७५ | ४७५१८ | १७६५७ | ६७६६९ | २२७५६ | ४४९१३ | ७६८५३ | ६३६४९ | १३२०४ |
| ३ | सिंचाई | २०४३८ | २०४४ | १८३९४ | २१२२० | २१२२ | १९०९८ | २४१०० | २४१० | २१६९० |
| ४ | पशुपंक्षी विकास | २४१३३ | २०५१३ | ३६२० | २५०५७ | २२८६५ | २१९२ | २८४५७ | २५९६७ | २४९० |
| ५ | उद्योग तथा व्यापार | १४४२०० | ९३७३० | ५०४७० | १४९७१९ | १०१६२९ | ४८०९० | १७००३७ | ११५४२१ | ५४६१६ |
| ६ | बैंक, वित्त तथा सहकारी | २६०६० | २३४५४ | २६०६ | २७०५७ | २४३५२ | २७०६ | ३०७२९ | २७६५६ | ३०७३ |
| ७ | श्रम तथा रोजगारी | २८५० | २५६५ | २८५ | २९५९ | २६६३ | २९६ | ३३६१ | ३०२५ | ३३६ |
| ८ | शिक्षा, कला तथा साहित्य | १६६११९९ | १३९८४५१ | २६२७४८ | १७२४७७८ | १५२६६३४ | १९८१४४ | १९५८८४६ | १७३३८१२ | २२५०३४ |
| ९ | जनस्वास्थ्य तथा पोषण | २९८९०२ | २१०७४३ | ८८१५९ | ३१०३४२ | १९४८८३ | ११५४५९ | ३५२४५८ | २४३१८३ | १०९२७५ |
| १० | खानेपानी तथा सरसफाई | १५०७६३ | ३७६९ | १४६९९४ | १५६५३३ | ८६०९ | १४७९२४ | १७७७७६ | ९७७८ | १६७९९८ |
| ११ | महिला, बालबालिका र लक्षित वर्ग | २०३०४७ | १९२८९५ | १०१५२ | २१०८१८ | २००२७७ | १०५४१ | २३९४२८ | २२७४५७ | ११९७१ |
| १२ | युवा तथा खेलकुद | ५२७८५ | ४१९०७ | १०८७९ | ५४८०५ | ४३५१० | ११२९५ | ६२२४३ | ४९४१५ | १२८२८ |
| १३ | आवास भवन तथा बस्ती विकास | ७१६२७१ | ३१८९२ | ६८४३७९ | ७४३६८५ | २७१२१ | ७१६५६४ | ८४४६१० | २२९८० | ८२१६२९ |
| १४ | सडक, पुल तथा यातायात | २१८३२०७ | २१४८२ | २१६१७२५ | २७९४७६५ | ९६४८३ | २६९८२८१ | ३१०२३८५ | ११२२६५ | २९९०१२० |

| क्र. स. | विषय क्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १५ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | ७१५५० | ३५७७५ | ३५७७५ | ७४२८८ | ४८४३५ | २५८५३ | ८४३७० | ५१२३८ | ३३१३२ |
| १६ | सूचना तथा सञ्चार प्रविधि | ४९१० | २९४६ | १९६४ | ५०९८ | ३०५९ | २०३९ | ५७९० | ३४७४ | २३१६ |
| १७ | वन, हरियाली तथा जैविक विविधता र भू-संरक्षण | १४०२५ | १६४५ | १२३८० | १४५६२ | १८६५ | १२६९७ | १६५३८ | २५४३ | १३९९५ |
| १८ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १५८४५२ | ५३१ | १५७९२१ | १६४५१६ | १००४४ | १५४४७२ | १८६८४३ | १३४१२ | १७३४३१ |
| १९ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | ४२००० | ३७३८० | ४६२० | १३९६०७ | ४६२२७ | ९३३८० | १९३५२५ | ५४२४९ | १३९२७६ |
| २० | नीति, कानून, शुसाशन र न्याय प्रवर्द्धन | १२७४५० | ११४७०५ | १२७४५ | १३२३२८ | १२५७११ | ६६१६ | १५०२८६ | १४२७७२ | ७५१४ |
| २१ | संगठन, क्षमता विकास र सेवा प्रवाह | ८१७१९९ | ८००८७५ | १६३२४ | ८४८४७६ | ८२८४०६ | २००७० | ९६३६२१ | ९४१२४९ | २२३७२ |
| २२ | राजस्व तथा स्रोत परिचालन | ३००० | २८५० | १५० | ३११५ | २९५९ | १५६ | ३५३८ | ३३६१ | १७७ |
| २३ | तथ्याङ्क तथा योजना व्यवस्थापन | ४९६३ | ४४६७ | ४९६ | ५१५३ | ४८९५ | २५८ | ५८५२ | ५५६० | २९३ |
| | **जम्मा** | ७१५१५१७ | ३२८९३२० | ३८६२१९८ | ८६२६१२६ | ३५९९१७३ | ५०२६९५२ | १०२५८६९७ | ४१६४७४२ | ६०९३९५५ |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३: आर्थिक विकास क्षेत्र

यस परिच्छेद अन्तरगत पर्यटन तथा सम्पदा, कृषि तथा सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ४.१ पर्यटन तथा सम्पदा

### ४.१.१ पृष्ठभूमि

पोखराको नेपालका उत्कृष्ट पर्यटकीय गन्तव्यका रुपमा रहेको विश्व बजारमा सुपरिचित क्षेत्र हो । अन्नपूर्ण हिमालको सन् १९५० मा भएको सफल आरोहणपश्चात् (सन् १९५१ देखि) मात्र नेपालमा व्यावसायिक पर्यटन उद्योगको विकास र विस्तार सुरुवात भएको मानिन्छ । पर्वतारोहण, पदयात्रा, होमस्टे, दृष्यावलोकन, प्यारागलाइडिङ्ग र धार्मिक स्थलहरू पर्यटकीय प्रमुख आकर्षणहरू हुन् । अन्नपूर्ण तथा माछापुच्छ्रे हिमाल, अन्नपूर्ण संरक्षण क्षेत्र, फेवा ताल, बेगनास ताल लगायतका तालहरू र अन्य रमणीय स्थलहरूका कारण पोखरा अनुपम प्राकृतिक सौन्दर्यले भरिपूर्ण क्षेत्र हो । पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि पोखरामा पर्यटन कार्यालय र नेपाल पर्यटन बोर्डको क्षेत्रीय कार्यालय स्थापना भएको छ । निजी क्षेत्रबाट पर्यटन विकास तथा प्रवर्द्धन गर्ने हेतुले वि.सं. २०५३ सालमा पोखरा पर्यटन परिषद्को स्थापना गरी पर्यटनसम्बन्धी प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गर्दै आएको छ । यसैगरी, निजी क्षेत्रबाट होटल, रेस्टुरेन्ट, ट्राभल्स तथा ट्रेकिङ एजेन्सीहरूले पर्यटकीय सेवा सुबिधासम्बन्धी गतिविधि सञ्चालन हुँदै आएका छन् । पोखरा सडक तथा हवाई यातायात मार्फत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गन्तब्यसँग जोडिएको छ । विभिन्न शहरहरूसँग भगिनी सम्बन्ध स्थापना र स्तरीय होटल तथा रेस्टुरेण्टहरू, संगठित पर्यटन व्यवसायी क्षेत्र यसका सबल पक्षहरू हुन् । पोखराको पर्यटनको बजारीकरणमा विद्युतीय सूचना प्रविधिको उपयोगबाट सहज हुँदै गएको छ ।

पोखराका प्राचीन धार्मिक सम्पदाका रूपमा विन्ध्यवासिनी, ताल वाराही, भद्रकाली, नारायणस्थान, भलामस्थित हरिहर आश्रमजस्ता विभिन्न देवदेवीका मन्दिरहरू छन् । पोखराको शहरी विकाससँगै राममन्दिर, केदारेश्वर, गुप्तेश्वर र विभिन्न बौद्ध गुम्बा तथा स्तुपाका साथै मस्जिद र चर्चसमेत बन्दै आएका छन् । ढुंगेसाँघु, रामघाट, बाराहीघाट, बाटुलेचौरलगायतका स्थानमा परम्परागत स्थानीय मेला तथा जात्रा लाग्ने गरेको छ ।

ऐतिहासिक सम्पदाका रूपमा कास्कीकोटमा शाह वंशीय राजाको पुरानो दरबार रहेको छ भने दरवार रहेको क्षेत्रमा कालिका मन्दिर, देवीथान, बलि दिने स्थान (मौला), पुरानो दरबार र गढी रहेको देखिन्छ । त्यसैगरी, सराङकोट, अर्मलाकोट, काहुँकोट, ठूलाकोट, पुम्दीकोट लगायतका ससाना गढी पोखरा उपत्यकाको वरिपरि रहेका छन् । दक्षिणतर्फ तत्कालीन तनुङ्गे ढोर खाँड राजाको ऐतिहासिक दरबारको भग्नावशेष रजस्थल क्षेत्र रहेको छ ।

धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूका कारण सुपरिचित पोखरा क्षेत्र ऐतिहासिक कालदेखि गुरुङ तथा मगर समुदायको बाहुल्य रहेको क्षेत्रमा मौलिक भाषा, कला तथा संस्कृति जीवन्त रहेको छ । जसमध्ये नेपालकै लोकप्रिय मौलिक गीत र नाचहरू पर्छन् । हाल यस क्षेत्रमा करिब ८० जात जातिको बसोबास रहेको छ । पोखराको प्राकृतिक सौन्दर्यलाई बिम्बित हुने गरी सयौं लोक तथा दोहोरी गीतहरू रचना र प्रकाशन भएका छन् भने सङ्गीत उद्योगमा पनि व्यापक विस्तार हुँदै गएको छ । धार्मिक रुपमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको पोखरा उपत्यकाको वडा नम्बर १२ र १३ मा मुस्लिम समुदायको समेत पुरानो

बस्ती रहेको छ । कला संस्कृति र मौलिक सम्पदाको संरक्षण र संवर्द्धनको आवश्यकता महसुस गरेर महानगरपालिकाले पोखरा प्रज्ञा प्रतिष्ठान गठन गरेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

मौसमी एवम् अस्थिर प्रकृतिको पर्यटकीय आगमन, अपर्याप्त पूर्वाधार तथा पर्यटकीय सेवा र पर्यटकीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा पोखराको पर्यटन विकासका प्रमुख समस्याहरू हुन् । पोखरा विमानस्थलबाट हुने अन्तराष्ट्रिय उडानलाई सुव्यवस्थित रुपमा शुरु गरी संसारका महत्वपूर्ण शहरसँग सिधा सम्बन्ध कायम राख्नु चुनौतीका रुपमा रहेको छ । पोखरा देखि ग्रामीण पर्यटकीय केन्द्रसम्म जोड्ने पक्की एवम् सुरक्षित सडक निर्माण एवम् नियमित यातयातको कमी रहेको छ । कोभिड-१९ लगायतका महामारी र प्राकृतिक प्रकोपको कारण समय समयमा पर्यटकीय क्षेत्रमा नकारात्मक असर पर्ने गरेको छ । संख्यात्मक रूपमा बढ्दै गएका पर्यटकीय सेवा प्रदायकहरूबीच अस्वस्थ प्रतिस्पर्धाले सेवाको मूल्यमा अस्वस्थ प्रतिस्पर्धा सिर्जना भएकाले होटल व्यवसायीहरूलाई व्यवसायमा टिक्न हम्मे हम्मे पर्ने गरेको छ । पोखरामा रहेका ताल, सिमसार र सार्वजनिक जमीनको संरक्षण एवम् व्यवस्थापनमा कमीका कारण अतिक्रमण एवम् प्रदूषणको जोखिममा परेका छन् । यस क्षेत्रका छहरा, गुफा, पहरा, ऐतिहासिक मन्दिर, दरबारको भग्नावशेष आदिको संरक्षण, व्यवस्थापन र सौन्दर्यीकरण गरी पर्यटन विकास गर्ने दिशामा आवश्यक पहल हुन सकेको छैन । पर्यटन प्रवर्द्धनमा स्थानीय सरकार, नेपाल पर्यटन वोर्ड एवम् निजी क्षेत्रका उद्योग वाणिज्य, पर्यटन विकासमा संलग्न सामुदायिक तथा व्यवसायी संघसंस्थाहरूबीच उपयुक्त ब्रान्डसहित प्रवर्द्धनात्मक कार्यक्रममा सहकार्यका लागि आवश्यक पहलकदमीको कमी रहेको छ ।

कास्कीकोटका तत्कालीन राजाहरूको शितकालीन दरबार रहेको पोखरा महानगरपालिका-१६ स्थित बाटुलेचौर क्षेत्रमा त्यसलाई पुष्टि गर्ने भग्नावशेष एवम् पुरातात्विक सम्पदाको उचित संरक्षण र अध्ययन-अनुसन्धान हुन सकेको छैन । नेपालमा पर्यटन विकासको ढोका खोलेको मानिने पोखराको उत्तरतर्फका आदिवासी जनजातिहरूको भाषा र कला संस्कृति पर्यटनको विकाससँगै आधुनिक बन्दै गएको र आम मानिसको जीवनशैलीमा आएको परिवर्तनका कारण लोप हुने जोखिम रहेको छ । परम्परागत कला तथा भाषा संस्कृतिको संरक्षण र संवर्द्धनमा यथोचित पहलमा कमी रहेको छ । पोखराको धार्मिक सम्पदा, कला तथा भाषा संस्कृतिबारे चासो राख्ने पर्यटकका लागि आवश्यक जानकारीको कमी रहेको छ । पोखराको मुटुमा रहेको पुरानो शहर (नेवार बस्ती) गणेश टोल, भैरव टोल आदि क्षेत्र उचित संरक्षण र व्यवस्थापनको अभावमा भद्दा र कुरूप हुँदै गएको छ । खासगरी युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घट्दै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउँदै जानु यस क्षेत्रको समुचित संरक्षण र संवर्द्धनका लागि सबैभन्दा ठूलो चुनौतीका रुपमा देखा परेको छ ।

### ४.१.३ सोच

"देशकै पर्यटकीय गन्तव्य"

### ४.१.४ उद्देश्य

१. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न महानगरपालिकामा कानूनी र संस्थागत संरचना निर्माण तथा आवश्यक योजनाहरू तर्जुमा गरी पर्यटन उद्योगको दिगो विकास र उत्थानशीलता वृद्धि गर्नु ।

२. बदलिँदो परिवेशअनुसार पर्यटन उद्योगको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम् विस्तार गर्नु ।

३. पोखरालाई विश्व पर्यटन गन्तव्यको प्रमुख केन्द्रमध्ये एकका रूपमा विकास गरी स्थानीय स्तरमा आकर्षक रोजगारी तथा आयआर्जनका अवसरहरू विस्तार गर्नु ।

४. पोखराका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्नु ।

५. पोखराका रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्नु ।

### ४.१.५ रणनीति

१. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने ।

२. पर्यटन उद्योग सम्बद्ध निजी संघसंस्था र अन्य सरोकारवालाहरूसँगको सहकार्यमा पर्यटकीय सेवाको गुणस्तर सुधार तथा प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

३. संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा पर्यटन उद्योगको विकास तथा विस्तारका दृष्टिले रणनीति महत्वका पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा जोड दिने ।

४. छिमेकी स्थानीय तहहरू, निजी व्यावसायिक संघ/संस्थाहरू र समुदायको सहकार्यमा पर्यटकीय स्थल र पूर्वाधारहरूको संरक्षण संवर्द्धन र विस्तार गर्ने ।

५. संघ, प्रदेश, गैसस, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको साझेदारीमा विश्व पर्यटन बजारमा पोखराको प्रवर्द्धन गर्ने ।

६. निजी क्षेत्रसँगको सहकार्यमा पोखरामा आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।

७. सबै जातजाति र धर्म सम्प्रदायहरूप्रति कुनै भेदभाव नगरी उचित सम्मान, संरक्षण र संवर्द्धन गर्ने ।

८. विभिन्न नाममा भित्रिएका विकृतिहरूको नियमन र नियन्त्रण गर्दै युवा वर्गलाई परम्परागत कला संस्कृति र रैथाने भाषाप्रति आकर्षित र दीक्षित गर्दै लैजाने ।

९. रैथाने कला (गीत नृत्य आदि) संस्कृति (पर्व, महोत्सव आदि) को समुचित व्यवस्थापन र प्रवर्द्धन गर्ने ।

१०. ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| वार्षिक पोखरा भ्रमण गर्ने पर्यटक (हजारमा) | संख्या | ७०० | ७३० | ७५० | ८०० | ८५० |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | ३ | ४ | ६ | १० | १५ |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र हाइकिङ स्थल | संख्या | ३ | ३ | ५ | ६ | १० |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | ८ | ९ | १० | १२ | १५ |
| पर्यटकको औसत बसाई अवधी | दिन | १.० | १.५ | २.० | २.५ | ३.० |
| बिदेशी पर्यटकको दैनिक औसत खर्च | अमेरिकी डलर | ६५ | ७० | ७५ | ८० | ८५ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३५७५७६ | ७१५२ | ३५०४२४ | ० | ८४०३७ | २६७३९७ | ६१४२ | ० |
| २०८१/८२ | ९४८८७४ | १८९७७ | ९२९८९६ | ० | १३०३२१ | ७०८०६९ | ६६४२ | १०३८४२ |
| २०८२/८३ | १५७९८३९ | ३१५९७ | १५४८२४३ | ० | १५०९५० | १२१३४४६ | ७७६० | २०७६८४ |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | कोमागाने पार्क निर्माण आयोजना | पर्यटकीय सुबिधाको विकास र विस्तार गर्नु | २०८०/८१ देखि ८२/८३ सम्म | १०००००० | निर्माण सम्पन्न भई वार्षिक ४ लाख पर्यटकले अवलोकन गर्नेछन् । |
| २. | लेक टु लेक साइकल मार्गमा सार्वजनिक पूर्वाधार निर्माण | पर्यटकीय सेवा र सुबिधा विस्तार गर्नु | २०८०/८१ देखि ८४/८५ सम्म | १००००० | ८५ कि.मि. साइकल मार्गको ५० स्थानमा आवश्यक पूर्वाधार निर्माण हुनेछन् । |
| ३. | बहुउद्देश्यीय पोखरा टावर निर्माण | लगानी आकर्षण तथा पर्यटकीय सुबिधा विस्तार गर्नु | २०८०/८१ देखि ८४/८५ सम्म | ५००००० | बहुतले टावरको डीपीआर तयार भई निर्माण शुरु हुनेछ । |
| ४. | पोखरा प्रवेशद्वार पार्क निर्माण आयोजना | सौन्दर्यकरण र पर्यटकीय सुबिधा विस्तार गर्नु | २०७९/८० देखि ८१/८२ सम्म | ८५०००० | १०० रोपनी क्षेत्रमा पार्क निर्माण भई पर्यटकीय सुबिधा र सौन्दर्भमा वृद्धि हुनेछ । |
| ५. | फेवाताल किनारा पैदल मार्ग निर्माण आयोजना | पर्यटकीय सेवा तथा सुबिधाको विकास र विस्तार गर्नु | २०८०/८१ देखि ८२/८३ सम्म | २००००० | ९ कि.मि. पैदल मार्ग निर्माण भई पर्यटकीय सुबिधा र गतिविधिमा वृद्धि हुनेछ । |
| ६. | माछापुच्छ्रे प्रतिबिम्ब पार्कमा शिशापुल तथा शिशमहल निर्माण आयोजना | सौन्दर्यकरण र पर्यटकीय सुबिधा विस्तार गर्नु | २०८०/८१ देखि ८३/८४ सम्म | ९८०००० | १०० मिटर लामो पुल सहित दृश्यावलोकन केन्द्रको डीपीआर भई ५० प्रतिशत निर्माण सम्पन्न हुनेछ । |
| ७. | फेवा वेगनास कनेक्टिभिटी आयोजना | तालहरू बीचको अन्तरसम्बन्ध बढाइ पर्यटक बसाइ दिन बढाउनु | २०८०/८१ देखि ८३/८४ सम्म | २५००० | साइकल लेन, सवारी साधन पर्यटन सुबिधाको विकास र विस्तार हुनेछ । |
| ८. | पोखरा अन्तराष्ट्रिय विमान स्थल लेकसाइड द्रुतमार्ग निर्माण आयोजना | पर्यटकीय सेवा तथा सुबिधा विकास र विस्तार गर्नु | २०८०/८१ देखि ८३/८५ सम्म | ४५०००० | साइकल लेन समेत ८ कि.मि. व्यवस्थित सडक तथा संरचना निर्माण हुनेछ । |
| ९. | सामुदायिक होमस्टे प्रवर्द्धन कार्यक्रम | पर्यटकीय सेवा र सुबिधा विस्तार गर्नु | सालबसाली | ३३१०० | होमस्टेको संख्या र क्षमता २० प्रतिशतले वृद्धि हुनेछ । |
| १०. | पर्यटन विकास कार्यक्रम (URLIP) | गुणस्तरीय तथा दिगो पर्यटकीय पूर्वाधार विकास गर्नु | २०८१/८२ देखि ८४/८५ सम्म | २८८४५०० | कार्यक्रमको २५ प्रतिशत कार्य सम्पन्न हुनेछ । |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ११. | पर्यटन प्रवर्द्धन अन्य सालबसाली कार्यक्रम | पर्यटकीय सेवा, सुबिधाको विकास र विस्तार गर्नु | सालबसाली | २५५९७१ | पर्यटक आगमन तथा बसाई अवधीमा वार्षिक २० प्रतिशले वृद्धि हुनेछ । |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुबिधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र बेरोजगार युवाहरू पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । कोभिड-१९ लगायतका महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.२ कृषि तथा खाद्य सुरक्षा

### ३.२.१ पृष्ठभूमि

पोखरा क्षेत्र ऐतिहासिक काल देखि नै कृषिजन्य उत्पादन तथा खाद्य सुरक्षाका दृष्टिले समृद्ध क्षेत्र हो । समथर उपत्यका, उच्चस्तरको उर्वरता, अधिक उत्पादकत्व, सहज सिंचाई सुबिधा, अधिक वर्ष र मध्यमस्तरको हावापानी भएका कारण कृषि पोखराको स्थानीय अर्थतन्त्रको प्रमुख संवाहकमध्ये एक हो । अन्नबाली, तरकारी, नगदे बाली, फलफुल खेती तथा दलहन बालीको उत्पादन हुने यस क्षेत्रमा परम्परागत एवम् व्यावसायिक उत्पादन हुने गरेको छ । आलुका लागि प्रसिद्ध हेम्जा क्षेत्र र स्थानीय प्रजातिका धानका लागि प्रसिद्ध पोखरा उपत्यकाको सिंचाई सुबिधा तथा सडक पूर्वाधारयुक्त उर्वरशिल समथर फाँटहरूले कृषि क्षेत्रको उच्च सम्भाव्यतालाई दर्शाएको छ । पछिल्लो समय जीविकोपार्जनमुखी रहेको कृषि क्षेत्रले क्रमशः व्यावसायिक चरित्र ग्रहण गरिरहेको देखिन्छ । सीमान्त वडाहरूमा (शहरको मुख्य केन्द्र बाहिर) कृषि जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ । होलसेल बजार स्थानीय स्तरमै रहेका कारण बजारीकरणका लागि तुलनात्मक रुपमा सहज रहेको छ । पछिल्लो समय व्यावसायिक तरकारी खेतीमा आकर्षण बढेको देखिन्छ ।

### ३.२.२ समस्या तथा चुनौती

उर्वरशिल जमिनको व्यापकता रहेको यस क्षेत्रमा कृषि क्षेत्र संकुचित हुँदै गएको छ । विगत ३० वर्षमा कुल क्षेत्रफल मध्ये खेती गरिएको जमिन ५०.४ प्रतिशतबाट घटेर ४१ प्रतिशतमा आएको छ भने बाँझो जमिनको अनुपात २.२ प्रतिशतबाट बढेर करिव १२.२ प्रतिशत पुगेको छ । आन्तरिक बसाइसराइका कारण उच्च दरमा जनसंख्या वृद्धि, मुख्य शहरमा घना बस्ती, शहरोन्मुख क्षेत्रमा खेतीयोग्य जग्गाको घडेरीकरण तथा गाँउस्तरमा जग्गाको बढ्दो बाँझोकरणले गर्दा कृषि उत्पादनमा कमी एवम् आयातित खाद्य वस्तुको हिस्सा उच्च भई महानगरको आपूर्ति प्रणाली समेत चाप परेको छ । उत्पादित वस्तुलाई लामो समयसम्म भण्डारण गरी राख्नका लागि पर्याप्त चिस्यान केन्द्रको कमी रहेको छ । कृषि उपजको उत्पादन मुल्य र उपभोक्ता मुल्यबीच अन्तर उच्च रहने गरेको छ । स्थानीय सरकार र सम्बन्धित पक्षबाट अव्यवस्थित बजारको व्यवस्थापन र अनुगमन प्रभावकारी हुन नसक्दा कृषि उपजको बजारमा सीमित व्यवसायी र बिचौलियको एकाधिकार हुँदा कृत्रिम अभाव र मूल्य वृद्धिको समस्या समाधान निकै चुनौतीपूर्ण भएको छ ।

### ३.२.३ सोच

"कृषि मुलश्चः जिवन"

### ३.२.४ उद्देश्य

१. असंगठित किसानहरूलाई वर्गीकरण र संगठित गरी बहुउद्देश्यीय संस्थाहरूको विकासमार्फत् कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्नु ।

२. कृषि सामग्रीको सहज उपलब्धतादेखि उत्पादित वस्तुको बजारीकरण र उपभोगसम्मका सबै अवयवहरूको सबलीकरण गरी सुदृढ मूल्य शृंखलासहितको समावेशी र उत्थानशील कृषि बजार प्रणालीको विकास गर्नु ।

३. कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती प्रवर्द्धन गरेर कृषिलाई पर्यटन उद्योगसँग जोड्नु ।

### ३.२.५ रणनीति

१. सामुहिक र सहकारी खेती प्रणालीलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने,

२. कृषिमा सञ्चालिन विभिन्न खाले अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत गरी व्यवस्थापन गर्ने,

३. समावेशी मूल्य शृंखलाहरूको विकास र व्यावसायिक विस्तारमा जोड दिने,

४. संघ, प्रदेश र निजी क्षेत्रको समेत सहकार्यमा कृषि पूर्वाधारको विकासलाई तिव्रता दिने,

५. अध्ययन अनुसन्धान र प्रमाणका आधारमा रैथाने कृषि उपजको संरक्षण, संवर्द्धन र व्यवसायीकरण गर्ने,

६. पर्यटन बजारको मागअनुसारका कृषि उत्पादनहरूको प्रवर्द्धनमा जोड दिने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | १७० | १७५ | १८० | १८५ | १९० |
| आफ्नो आयको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसंख्याको | प्रतिशत | १८ | १६ | १४ | १२ | १० |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय | रु हजार | १०० | ११० | १२० | १३० | १४० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ४७० | ४८० | ४८५ | ४९० | ५०० |
| कुल कृषि भूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ९१ | ९२ | ९३ | ९४ | ९५ |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरूको माग | प्रतिशत | ५५ | ५८ | ६० | ६२ | ६५ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | ३.५ | ३.६ | ३.६५ | ३.७० | ३.८० |
| कुल वार्षिक तरकारी उत्पादन | मे.टन | ५३१०५ | ५३५०० | ५४००० | ५४५०० | ५५००० |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६५७९४ | ६३१६२ | २६३२ | ० | ४२०१९ | २३२६४ | ५१२ | ० |
| २०८१/८२ | ६७२८४ | ६४५९२ | २६९१ | ० | ४३४४० | २३२९० | ५५३ | ० |
| २०८२/८३ | ७६९४० | ७३८६३ | ३०७८ | ० | ५०३१७ | २५९७७ | ६४७ | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण कार्यक्रम | कृषिको लागत घटाई कृषि व्यवसायमा प्रोत्साहन गर्नु, | सालवसाली | १२४४५ | कृषियोग्य भूमिमा ३०० यन्त्र उपकरण प्रयोगमा आउनेछ। |
| २ | व्यवसायिक कृषि उत्पादन कार्यक्रम | कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि | सालबसाली | ४३३४६ | व्यावसायिक कृषिमा संलग्न जनसंख्या १० प्रतिशत वृद्धि भएको हुनेछ। |
| ३ | कृषि बजारीकरण कार्यक्रम | कृषि उपजको बजारको विकास र विस्तार गर्नु | सालबसाली | ३२९५१ | कृषि उपज संकलन केन्द्र २० र कृषि उपज वा किसान बजार १० वटा हुनेछन्। |
| ४ | कृषि प्रसार, संचार, प्रबिधि हस्तान्तरण तथा नियमित कार्यक्रम | आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु | सालबसाली | १४१६८६ | कृषि उत्पादनमा १० प्रतिशतले वृद्धि भएको हनेछ। |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। महानगरको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ। बेरोजगार युवाहरू कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम संभावना अधिक रहन सक्दछ।

## ३.३ सिंचाई

### ३.३.१ पृष्ठभूमि

पोखरा महानगर क्षेत्रमा सेती नदीसहित मर्दी, काली, विजयपुर, खुदी, फुस्रेलगायतका खोला र फेवा, बेगनास, रूपा लगायतका तालहरू सिंचाईका स्रोतका रुपमा रहेका छन्। महानगरपालिकाको समथर भूभागमा विगतदेखि नै सिंचाईको राम्रो प्रबन्ध रहेको छ। यस क्षेत्रमा मित्र राष्ट्र चीन सरकारको सहयोगमा आधुनिक सेती नहरको निर्माण पश्चात अधिकांश फाँट र टारहरूमा समेत सहज सिंचाईको पहुच स्थापना भएको थियो। समुदाय र स्थानीय उपभोक्ता समितिमार्फत् सञ्चालित विजयपुर, बेगनास, फेवालगायतका सिंचाई प्रणालीहरू रहेका छन्। कुल कृषियोग्य भूमिमध्ये करिब ५९ प्रतिशत क्षेत्रमा बाह्रै महिना नियमित सिंचाई सुबिधाको पहुँच रहेको छ। सिंचाई सुबिधा विस्तारका लागि सबै तहका सरकारहरूको साथ तथा सहयोग हुँदै आएको छ। हाल सिंचाईमा थोपा सिंचाई लगायतको आधुनिक प्रविधिको उपयोगमा विस्तार हुँदै गएको छ।

### ३.३.२ समस्या तथा चुनौती

महानगर क्षेत्रमा रहेका सेती, फेवा, बेगनास र विजयपुर जस्ता ठूला सिंचाई प्रणालीहरू उर्वर कृषि भूमि र विशाल फाँटहरू मासिँदै जाँदा प्रयोगविहीन बन्दै गएका छन् । भूखण्डीकरण र बस्ती विस्तारले खेतीयोग्य जमिन घटदै गएको छ । खेती गरिएको जमिनको करिब ४० प्रतिशत क्षेत्रमा पूर्णकालिन सिंचाई सुबिधाको कमी रहेको छ । सिंचाई सुबिधाको न्यायोचित वितरण तथा सहज उपलब्धतामा कमी रहेको छ । सिंचाई आयोजनाको दिगो उपयोग, मर्मतसम्भार र समुचित व्यवस्थापनमा कमी रहेको छ । समथर फाँट भन्दा माथिको सुख्खा क्षेत्रमा सिंचाई सुबिधाका लागि वैकल्पिक सिंचाई सुबिधाको व्यवस्था हुन सकेको छैन ।

### ३.३.३ सोच

"व्यवस्थित तथा दिगो सिंचाई"

### ३.३.४ उद्देश्य

१. महानगर क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा सिंचाई प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्नु ।

२. प्रविधिमा आधारित नयाँ आयोजनाहरूको विकास सिंचाई सुबिधा नपुगेका ग्रामीण तथा पहाडी क्षेत्रमा सर्वसुलभ सिंचाई सुनिश्चित गर्नु ।

### ३.३.५ रणनीति

१. महानगरमा भएका प्राकृतिक सिंचाईका स्रोत र मुहानहरूको संरक्षण र संवर्द्धन गर्ने ।

२. महानगरको समथर भूभागमा भएका ठूला नहर र सिंचाई प्रणालीहरूको संरक्षण र दिगो सदुपयोग गर्ने ।

३. सिंचाई सुबिधा नपुगेका ग्रामीण र भिरालो क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधरित सिंचाई प्रणालीको प्रवर्द्धन गर्ने ।

४. साना तथा मझौला सिंचाई आयोजना विकास तथा व्यवस्थापनमा महानगर र समुदायको साझेदारी प्रवर्द्धन गर्ने

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुबिधा उपलब्ध भूमि | प्रतिशत | ५९ | ६० | ६१ | ६२ | ६३ |
| सूचारु सिंचाई आयोजना | संख्या | ४५ | ४८ | ५० | ५२ | ५६ |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २००२४ | १००१ | १९०२३ | ० | २००२४ | ० | ० | ० |
| २०८१/८२ | २१५६५ | १०७८ | २०४८७ | ० | २१५६५ | ० | ० | ० |
| २०८२/८३ | २५६४७ | १२८२ | २४३६४ | ० | २५६४७ | ० | ० | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | वर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ५००० | कुल खेति योग्य जमिनको ६० % क्षेत्रमा सिचाई सुबिधा बिस्तार हुनेछ । |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तहबीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी सिंचाई क्षेत्रमा विस्तार हुनेछ र बेरोजगार युवाहरूलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । प्रविधि तथा नविनतम खोज ताथ विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.४ पशु विकास

### ३.४.१ पृष्ठभूमि

पशुपन्छी पालन पोखराको प्रमुख आर्थिक गतिबिधि मध्ये एक हो । यस क्षेत्रमा परम्परागत तथा व्यावसायिक रुपमा पशुपन्छी पालनको अभ्यास भइरहेको छ । गाई-भैसी, बाखा, बंगुर, लोकल तथा उन्नत जातका कुखुरापालनका लागि उपयुक्त हावापानी र बजारको सुबिधा उपलब्ध रहेको छ। पशुपन्छी क्षेत्रको विकासका लागि सरकारीस्तरबाट कार्यालय तथा सेवा केन्द्र सञ्चालन भएका छन् भने निजी क्षेत्रबाट पनि यस्तो सेवा उपलब्ध हुँदै आएको छ। सरकारी स्तरबाट पशु प्रजनन केन्द्र एव मत्स्य विकास केन्द्र स्थापना भई सञ्चालनमा रहेका छन्। उन्नत जातका पशुपन्छीको बीउ (चल्ला तथा पाडा, बाच्छा) उत्पादन गरेर कृषकहरूलाई सुलभ मूल्यमा उपलब्ध गराउने उद्देश्यले पशु प्रजनन केन्द्र छ भने मत्स्य विकास केन्द्रमार्फत व्यावसायिक माछापालन प्रवर्द्धनका कार्यहरू हुँदै आएको छन् ।

माथिल्लो भेगमा अधिक पानी पर्ने क्षेत्र भएकोले चरन क्षेत्र र डाले धाँसको उपलब्धता रहेको छ। समथर भेगमा अधिक अन्नबाली हुने भएकोले पराल लगायतको कृषिजन्य अवशेष पशु आहारको रुपमा उपलब्ध रहेको छ। मासु तथा दुधजन्य उत्पादनको लागि बजारको सहज उपलब्धता रहेको छ। दूध अन्डा र मासुमा महानगर आत्मनिर्भर उन्मुख भइरहेको यस क्षेत्रमा गाई-भैंसी, बाखा, बंगुर कुखुरा कालिज आदिको व्यावसायिक उत्पादन वृद्धि हुँदै गएको छ । पशुजन्य उत्पादन (खासगरी दूध, अण्डा, माछा र मासु) को मागसमेत बढ्दै गएको छ भने पछिल्ला दिनमा स्थानीय उत्पादनमा आत्मनिर्भरता उन्मुख रहेको छ। पशुपालन गर्ने कृषकका लागि महानगरले तालिम, प्राविधिक सहयोग, अनुदान सहयोग प्रदान गर्नुका साथै पशु बीमा र सहुलियत ऋण कार्यक्रममार्फत् कृषकलाई प्रोत्साहनका गतिबिधि सञ्चालनमा रहेका छन् ।

### ३.४.२ समस्या तथा चुनौती

वैदेशिक रोजगारी तथा अन्य रोजगारको तुलनामा पशुपन्छीजन्य व्यवसायमा आकर्षणको कमी रहेको छ । बजार मूल्यको अस्थिरता, महामारी एवम् उत्पादन मूल्य र उपभोक्ता मूल्यबीचको अन्तर उच्च रहने गरेको छ । व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा प्राविधिक सेवा तथा परामर्श र सहयोगको कमी रहेको छ । पशु आहारका लागि स्थानीय रूपमा दाना तथा घाँसको उत्पादनमा कमी रहेको छ। उन्नत नश्लका पशुपन्छीपालन, पशुपन्छीका लागि बीमा अनुदान, सहुलियत पूर्ण पशुपालन ऋणको व्यवस्थामा कमी हुनुका साथै पशुपालनमा समेत मासु, दूध, अण्डामा आत्मनिर्भर हुन सकेको छैन ।

पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभावमा केवल निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ । पशुआहारका लागि उन्नत घाँसको बीउ तथा डालेघाँसको उत्पादनमा कमी रहेको छ ।

### ३.४.३ सोच

"उत्पादनशील पशुपालन र व्यवसायीक कृषक"

### ३.४.४ उद्देश्य

१. पशुपालनलाई मर्यादित र सम्मानजनक पेसा र नाफमूलक व्यवसायका रूपमा स्थापित गर्न महानगर, कृषक समूह, कृषि सहकारी र व्यवसायीहरूको क्षमता विकास गर्नु ।
२. ठूलो स्तरमा व्यवसायिक एवम् व्यवस्थित पशुपालनका लागि महानगरपालिकाभित्र सम्पूर्ण पूर्वाधारसहितका पकेट क्षेत्रहरूको विकास गर्नु ।
३. पशुपालन क्षेत्रका मूल्य श्रृङ्खलाहरू सबलीकरण गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु ।

### ३.४.५ रणनीति

१. पशुपालन व्यवसायसम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना केन्द स्थापना गरी सेवा प्रदान गर्ने ।
२. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवर्दन गरी मासु एवम् दूध उत्पादन वृद्धि गर्ने ।
३. स्थानीय हावापानी, भूबनोट, प्राकृतिक स्रोत र बजारको आधारमा व्यावसायिक पकेट क्षेत्र निर्माण गर्ने ।
४. पशुपालन र सम्वन्धीत क्षेत्रका लागि व्यवस्थित पूर्वाधारहरू पीपीपी मोडलमा स्थापना र सञ्चालन गर्ने ।
५. पशुपालन प्राविधिक सेवा केन्द्रको स्थापना एवम् भौतिक पूर्वाधार र जनशक्ति विकास गर्ने
६. पशुजन्य उत्पादनको प्रशोधन र गुणस्तर परीक्षण गरी उद्यमशीलता तथा बजारीकरण सुनिश्चितता गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १९४५ | २०२४ | २००० | १९०० | १८०० |
| व्यवसायिक फर्मको संख्या | संख्या | ७९३ | ८१८ | ८५० | ९०० | ९५० |
| वार्षिक दुधको उत्पादन | मे.टन | ३०५४ | ३१३५० | ३२००० | ३२५०० | ३३००० |
| वार्षिक मासु उत्पादन | मे.टन | ६२०० | ६४०० | ६४५० | ६४९० | ६५०० |
| वार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ६५००० | ७०००० | ८०००० | १०००० | ११०००० |
| वार्षिक ऊन उत्पादन | मे.टन | ५ | ५.१ | ५.११ | ५.५ | ५.६ |
| छाला उत्पादन | संख्या | २०००० | २१००० | २२००० | २३००० | २३५०० |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २२१७० | २१२८३ | ८८७ | ० | २१००९ | ११६० | ० | ० |
| २०८१/८२ | २५०१६ | २४०१५ | १००१ | ० | २१७२० | ३२९६ | ० | ० |
| २०८२/८३ | २९७५० | २८५६० | ११९० | ० | २५१५८ | ४५९२ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक पशुपंछी उत्पादन प्रवर्द्धन कार्यक्रम | पशुपन्छीजन्य उत्पादनमा लागत न्यूनीकरण र आत्मनिर्भरता वद्धि गर्नु | सालबसाली | १०३३५६ | पशुपन्छीजन्य उत्पादन ५ प्रतिशतले वृद्धि हुनेछ । |
| २ | पशुपंक्षी उपचार तथा प्रजनन कार्यक्रम | आधारभुत पशुपन्छी उपचार सेवा तथा कृतिम गर्भाधान सेवा विस्तार गर्नु | सालबसाली | ३२६४९ | व्यवसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसायमा ७ प्रतिशतले वृद्धि हुनेछ । |
| ३ | पशु जन्य व्यवसायको नियमन कार्यक्रम | पशुपन्छीजन्य व्यवसायको दर्ता, नवीवकरण, नियमन र व्यवस्थित बनाउनु | सालबसाली | १००० | पशु जन्य व्यवसायको दर्ता तथा नविकरण २० प्रतिशतले वृद्धि हुनेछ । |
| ४ | छाडा पशु व्यवस्थापन कार्यक्रम | सडक पशु तथा चौपायाको समुचित व्यवस्थापन गर्नु | सालबसाली | ४००० | सडक पशु तथा चौपायाको नियन्त्रण भएको हुनेछ । |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरूलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.५ उद्योग तथा व्यापार

### ३.५.१ पृष्ठभूमि

गण्डकी प्रदेशको औद्योगिक तथा व्यापारिक शहरका रुपमा परिचित पोखरा नगरमा लघु, साना, मझौला तथा ठूला उद्योगहरू र सबैस्तरका व्यापार व्यवसाय सञ्चालनमा रहेका छ । करिव १०० उद्योगहरु सञ्चालनमा रहेको औद्यागिक क्षेत्र रहेको छ। प्रदेश सरकारले महानगरपालिकासँगको समन्वयमा वडा नम्बर ३२ र ३३ मा ठूलो (करिब १६७ हेक्टर) क्षेत्रफलमा औद्योगिक क्षेत्र निर्माण गर्ने योजना बनाएको छ। उत्पादन, प्रशोधन तथा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगहरू र थोक तथा खुद्रा व्यापारले यस क्षेत्रको अर्थतन्त्रलाई चलायमान बनाएको छ। राष्ट्रिय आर्थिक गणना २०७५ ले प्रस्तुत गरेको तथ्याङ्कअनुसार पोखरामा करिब ६५ प्रतिशत व्यावसायिक एकाई उद्योग तथा व्यापार क्षेत्रका रहेका छन् । उद्योग-व्यवसाय तथा व्यापार क्षेत्रले कृषिको प्रवर्द्धन (पश्च सम्बन्ध) र पर्यटन तथा आतिथ्य क्षेत्रलाई स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू प्राप्त गर्न सहजीकरण ( अग्र सम्बन्ध) मजबुत बनाउन सहयोग गरेको छ। पोखरा महानगरपालिका तथा निजी क्षेत्रले यसअघि नै यस दिशामा परियोजना सुरु गरिसकेका छन् ।

### ३.५.२ समस्या तथा चुनौती

मुलुकको आर्थिक तथा राजनीतिक परिस्थिति एवम् महामारीका कारण उद्योग तथा व्यापार क्षेत्र नकारात्मक रुपमा प्रभाबित हुने गरेको छ। यस क्षेत्रमा प्रयाप्त प्रोत्साहनमा कमी, दक्ष जनशक्तिको कमी र पुँजीको कमीले उद्योग तथा व्यवसायको विस्तारको गतिलाई कमजोर तुल्याएका कारण गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन हुन सकेको छैन। औद्योगिक क्षेत्रको विकासका लागि आवश्यक योजना तयार भएका छैन भने सरकारी तवरबाट सहज वातवरण तयार हुन सकेको छैन । सरकारी कार्यालयहरूको कार्यसम्पादनमा ढिलासुस्ती, झन्झटिलो प्रक्रियाका कारण पनि नयाँ लगानी, उद्यमशीलता र व्यवसाय गर्ने वातावरणमा उल्लेख्य

सुधार हुन सकेको छैन । व्यवसाय दर्ता, सञ्चालन तथा कर प्रणालीमा अझै प्रक्रियागत जटिलता कायम रहेको छ । औद्योगिक फोहोर व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ ।

### ३.५.३ सोच

“वातावरणमैत्री र उत्पादनशील उद्योग व्यवसायको विकास”

### ३.५.४ उद्देश्य

१. महानगरपालिकाका उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थापनसम्बन्धी नीति नियम तथा रणनीति तयार गरी जिम्मेवार उत्पादन र उपभोग अभ्यास प्रवर्द्धन गर्नु ।

२. महानगरपालिका, सहकारीहरू, समुदाय तथा निजी क्षेत्रको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमुना उद्योगहरू प्रवर्द्धन गर्नु ।

३. महानगरको सामाजिक, सांस्कृतिक र पर्यावरणीय सौन्दर्यलाई प्रतिकूल असर नगर्ने हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्न निजी क्षेत्रलाइ सहजीकरण र प्रोत्साहन गर्नु ।

### ३.५.५ रणनीति

१. उद्योग व्यवसाय तथा व्यापार क्षेत्रको प्रवर्द्धन र संवर्द्धनका लागि महानगरमा कानूनी र संस्थागत संयन्त्र निर्माण गर्ने ।

२. दिगो तथा जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन र प्रोत्साहन गर्ने ।

३. आत्मनिर्भरता उन्मुख अर्थतन्त्र निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने ।

४. प्रदेश सरकार र अन्य स्थानीय तहहरू सँगको सहकार्यमा युवा जनशक्तिलाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण प्रवर्द्धन गर्ने ।

५. नवीकरणीय ऊर्जा, फोहोरमैला प्रशोधन र पुनःप्रयोगमा आधारित उद्योगहरूको विकास गरि वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।

६. पर्यटन क्षेत्रको मागअनुसारका वस्तु उत्पादन गर्ने र स्थानीय कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धनमा जोड दिने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ९०२१३ | ९२५३० | ९९५०० | १०१००० | ११०२०० |
| महानगरमा दर्ता भएका उद्योग व्यवसाय | संख्या | ७४९० | ५२२३ | ६००० | ६५०० | ७००० |
| व्यवसाय करबाट संकलित राजस्व | रु.हजारमा | ३७४२ | ४५४३ | ४१०३ | ४८०० | ५३०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | १ | २ | ३ | ४ | ५ |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि) | रु. लाखमा | ५३३८९० | ५५१४२७ | ६०४०५० | ६५०१०५ | ७२५०३० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४३०३० | २८६०६ | ११४४२४ | ० | ४२०१९ | १०१०१२ | ० | ० |
| २०८१/८२ | १५०९५७ | ३०१९१ | १२०७६६ | ० | ४३४४० | १०७५१७ | ० | ० |
| २०८२/८३ | १६९२६९ | ३३८५४ | १३५४१५ | ० | ५०३१७ | ११६३६५ | २५८७ | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | क्षमता अभिवृद्धि, उत्पादकत्व वृद्धि भै स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | ६१४२२ | व्यावसायिक क्षेत्रको उत्पादन र रोजगारीमा १० प्रतिशतले वृद्धि हुनेछ। |
| २ | व्यापार व्यवसाय प्रवर्द्धन कार्यक्रम | अनुकुल वातावरण सिर्जना गरि गुणात्मक व्यवसाय वृद्धि गर्ने | सालबसाली | ६५००० | व्यवसाय करबाट संकलित राजस्वमा २५ प्रतिशतले वृद्धि हुनेछ। |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरूलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्।

## ३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

हाल पोखरा महानगरपालिका क्षेत्रमा क्रियाशिल सहकारी संस्था संख्या कुल २६४ वटा रहेको छ। सहकारीहरुमा रहेको कुल सदस्य संख्या १ लाख ८९ हजार रहेको छ भने कुल २८७५ जनाले रोजगारी प्राप्त गरेका छन्। नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार २०८० असार मसान्तसम्म पोखरा महानगरपालिका क्षेत्रमा (बीमा कम्पनी र स्थानीय सहकारी बाहेक) बैंक तथा वित्तीय संस्थाहरूका ३ सय ७० शाखा कार्यालय सञ्चालनमा रहेका छन् भने कुल १४ लाख ९० हजार ७ सय ४६ बचत खाता रहेको देखिन्छ। प्रति १३ सय ९० जनसंख्या बराबर एक बैंक तथा वित्तीय संस्थाको शाखा रहेको छ। पछिल्लो समय बीमा कम्पनीका शाखाहरूको संख्या पनि उल्लेख्य मात्रामा वृद्धि भएको छ। बैंक, वित्तीय संस्था एवं सहकारीहरूले औपचारिक कारोवार, कर्जा सुविधा र बचतको प्रवृतिलाई प्रवर्द्धन गरेका छन्।

### ३.६.२ समस्या तथा चुनौती

बैंक, वित्तीय संस्था एवं सहकारीहरूको संख्या तथा कारोवार उच्च रहेको भएता पनि अनौपचारिक क्षेत्रबाट हुने कारोवारको अवस्था उल्लेखनिय रहेको छ। वित्तीय सेवामा महिला र पुरुषको समान पहुँच रहेको छैन।

बैंकखाता अवस्था हेर्दा ९८ प्रतिशत पुरुषहरूसँग सक्रिय बचत खाता भएको देखिन्छ भने महिलाका हकमा भने ५० प्रतिशत महिलासँग मात्र त्यस्तो खाता रहेको छ । पछिल्लो समय आर्थिक क्रियाकलापमा आएको सिथिलता र ब्याजदरमा देखिएको उतारचढावका कारण तरलताको कमी रहेको छ । घरेलु तथा साना उद्योग र सीमान्तकृत समुदायमा सर्वसुलभ वित्तीय सेवामा न्यून पहुँच रहेको छ । महानगरको शहरी क्षेत्रमा बैंक र वित्त कम्पनीहरूको बाक्लो उपस्थिति भए पनि शहरोन्मुख ग्रामीण क्षेत्रमा सर्वशुलभ पहुँच विस्तार हुन सकेको छैन । वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाव कारण अनौपचारिक क्षेत्रबाट कारोवार हुने गरेको छ । बैंकिङ तथा वित्तशास्त्रका जटिल प्राविधिक विषय र सम्बन्धित प्रावधानको ज्ञान नहुँदा र दर्ता, कर चुक्ता, घरभाडा सम्झौताका साथै व्यावसायिक परियोजना प्रस्ताव जस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ ।

### ३.६.३ सोच

“सर्वसुलभ वित्तीय पहुँच”

### ३.६.४ उद्देश्य

१. संघीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुबिधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु ।
२. स्थानीय सहकारीहरूको उचित सम्बर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्नु ।
३. सहकारी संस्थाको क्षमता विकास र उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।

### ३.६.५ रणनीति

१. सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने ।
२. पोखरालाई केन्द्र बनाएर स्थापित बैंक तथा वित्तीय संस्थासँग सहकार्य गर्ने ।
३. विषयगत र बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापकीय क्षमता विकास र दक्षता अभिवृद्धि गर्ने ।
४. सहकारीहरूको पुँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८०को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| सहकारी संख्याहरुको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ६७ | ६९ | ७१ | ७५ | ८० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ७० | ७३ | ७५ | ७७ | ८० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २१४५५ | १७१६४ | ४२९१ | ० | ४२०२ | १६२२९ | १०२४ | ० |
| २०८१/८२ | २५८७८ | २०७०३ | ५१७६ | ० | ४३४४ | २०४२७ | ११०७ | ० |
| २०८२/८३ | ३०७७६ | २४६२१ | ६१५५ | ० | ५०३२ | २४४५१ | १२९३ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आगामी तीन वर्षको अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक सहकारी एक उत्पादन कार्यक्रम | सहकारीको परिचालन गरी स्थानीय उत्पादनमा वृद्धि गर्नु । | सालबसाली | १०००० | ५० सहकारी उत्पादनमूलक उद्यम व्यवसाय संचालन हुने । |
| २ | सहकारी प्रवर्द्धन कार्यक्रम | सहकारीको क्षमता अभिवृद्दि तथा जनमानसमा विश्वासको वातावरण अभिवृद्धि गर्नु । | सालबसाली | १००० | २०० सहकारीको क्षमता विकास हुने |
| ३ | सूचकमा आधारित सहकारी अनुगमन | सहकारीहरुको अनुगमनलाई प्रभावकारी गराउनु । | सालबसाली | १२०० | नियमन गरि कानूनी दायरामा ल्याइने |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

नगरवासीहरूमा वित्तीय साक्षरताका अवसरहरू उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरू उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरूको खराब कर्जा न्यून जोखिम भएको हुनेछ ।

## ३.७ श्रम, रोजगारी तथा गरिबी निवारण

### ३.७.१ पृष्ठभूमि

गण्डकी प्रदेशको राजधानी रहेको पोखरा देशकै महत्वपूर्ण आर्थिक केन्द्रका रुपमा रहेको छ । यस क्षेत्रमा सक्रिय जनसंख्याको अनुपात कुल जनसंख्याको करिब ६८ प्रतिशत रहेको छ भने त्यसमध्ये श्रमशक्ति (१६ देखि ६४ वर्ष उमेर समूह)को जनसंख्या करिब ६० प्रतिशत रहेको छ । यस क्षेत्रको युवा श्रमशक्तिको ठूलो हिस्सा अध्ययन र बैदेशिक रोजगारीमा रहेको छ । वि.सं. २०७८ को जनसंख्याअनुसार पोखरामा उपलब्ध श्रमशक्ति करिब १ लाख ७० हजार पुगेको अनुमान छ । आर्थिक गणना २०७५ को तथ्याङ्कले पोखरामा सञ्चालित उद्यम व्यवसाय (गणनामा सम्मिलित)मा करिब १ लाख ५ हजारले रोजगारी पाइरहेको देखिन्छ । संघ प्रदेश तथा अन्य निकायबाट सञ्चालित परियोजनासहित विभिन्न अनौपचारिक क्षेत्र (परम्परागत कृषि र पशुपालनबाहेक) लाई पनि समावेश गर्ने हो भने पोखराको श्रम बजारमा एक लाख ५५ हजारभन्दा धेरैले रोजगारी पाइरहेको अनुमान गरिएको छ । उत्पादनशील उद्योग, निर्माण क्षेत्र, पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरू रहेका छन् ।

### ३.७.२ समस्या तथा चुनौती

वैदेशिक रोजगारी लगायत वाह्यि क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रुपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ । युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु पर्ने विडम्बनापूर्ण अवस्था नै हो । त्यसमा पनि स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक पर्यटन उद्योगका पर्वतारोहण, पथ प्रदर्शक, साहसिक खेलकुद जस्ता संवेदनशील क्षेत्रका लागि चाहिने दक्ष जनशक्तिको अभावले भविष्यको पर्यटन उद्योगलाई नै चुनौती थपिदिएको छ । औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ । यस जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरूमा कमी रहेको छ ।

### ३.७.३ सोच

"उत्पादनमुलक रोजगारी र गरिवी न्यूनीकरण"

### ३.७.४ उद्देश्य

१. श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास (बुस्टर) कार्यक्रममार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्नु ।

२. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्नु ।

### ३.७.५ रणनीति

१. संघ तथा प्रदेश सरकारसँगको सहकार्यका स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने ।

२. काम गर्ने उमेरका स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने ।

३. संघ र प्रदेश सरकारको सहकार्यमा श्रमबजारको विस्तृत अध्ययन गरी बजारलाई तथ्यमा आधारित बनाइने

४. रोजगारदाताका संघसंस्थाहरूको सहकार्यमा पोखरामा कार्यरत श्रमिकहरूको विस्तृत विवरणसहितको लगत तयार गरी नियमित अद्यावधिक गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८०को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| रोजगार कार्यक्रम अन्तरगत सञ्चालित आयोजना | संख्या | १८ | २० | १५ | १५ | १६ |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | दिन | ११०१५ | ११२६५ | ९००० | ९००० | १०००० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७१५२ | ७१५ | ६४३६ | ० | ४२०२ | १४१४ | १५३५ | ० |
| २०८१/८२ | ४३१३ | ४३१ | ३८८२ | ० | २१७२ | ४८१ | १६६० | ० |
| २०८२/८३ | ५१२९ | ५१३ | ४६१६ | ० | २५१६ | ६७४ | १९४० | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु । | सालवसाली | ५००० | ८० जनालाई १०० दिनको रोजगारी उपलब्ध भएको हुनेछन् । |
| २ | सुरक्षित आप्रावसान कार्यक्रम | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा सहयोग र समन्वय गर्नु । | सालवसाली | ६७०० | चार समुहमा करिव १२० जनालाई नियमित कक्षामा सहभागि हुनेछन् । |
| ३ | स्वरोजगार प्रवर्द्धन कार्यक्रम | स्थानीय स्रोत साधनमा आधारित उद्योग व्यवसायमा रोजगारी वृद्धि गर्नु । | सालबसाली | २५००० | बार्षिक ५०० जना स्वरोजगार भएका हुनेछन् । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगारीसम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । महानगरपालिकामा रोजगारसम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद ४: सामाजिक विकास क्षेत्र

यस परिच्छेद अन्तरगत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

पूर्ण साक्षर घोषणा भएको यस महानगरपाकि ऐतिहासिक कालदेखि नै शैक्षिक क्षेत्रमा पश्चिम क्षेत्रको अग्रणी रहेको छ । पोखरा महानगरक्षेत्र गण्डकी प्रदेशको प्रमुख शैक्षिक हबका रुपमा रहेको छ । यस क्षेत्रमा गुरुकुल शिक्षा तथा गुम्बा शिक्षा र पूर्व प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्मको आधुनिक शिक्षाको सँगम रहेको छ । पोखरा क्षेत्रको शिक्षा प्रणालीलाई उन्नत बनाउनमा फेवा तालको बीचमा अवस्थित तालबाराही मन्दिर, सेती नदी किनारको नारायणस्थान मन्दिर (हाल महर्षि गुरुकुल नारायणस्थान), पोखरा १८ स्थित वेद विद्याश्रम आदि गुरुकुल शिक्षा केन्द्रको भूमिका महत्वपूर्ण रहेको छ । वि.सं. १९५८ सालमा विन्बासिनी मन्दिर परिसरमा भाषा पाठशालाको स्थापनासँगै आधुनिक शिक्षाको सुरुवात भएको हो । पोखरा संस्कृत पाठशालाका नाममा स्थापित उक्त विद्यालयको सम्बन्धन भारतको वाराणसी संस्कृत विश्वविद्यालयसँग थियो, जो हाल संस्कृत माविका रूपमा सञ्चालित छ । यसरी विकसित हुँदै आएको पोखराको शिक्षा प्रणालीमा हाल सामुदायिक २०३, संस्थागत २३३, धार्मिक १२, सामुदायिक सिकाइ केन्द्र १८, प्राविधिक धारका विद्यालय ५ र खुला विद्यालय २ गरी कुल ४७४ शैक्षिक संस्था सञ्चालनमा रहेका छन् ।

त्यसैगरी, ७ व्यावसायिक तालिम केन्द्र, ८ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सीटीईभीटी) बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षालयहरू रहेका छन् । उच्च शिक्षाका लागि २ विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालयलगायत अन्य विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ५ सरकारी र १२ सामुदायिक तथा निजी क्याम्पसहरू सञ्चालनमा रहेका छन् । प्राविधिक क्षेत्रमा उच्च शिक्षाका लागि निजी तथा सरकारी शिक्षण अस्पताल, इन्जिनियरिङ अध्ययन संस्थानहरूसमेत पोखरामा सञ्चालित रहेका छन् । भएको थियो । विद्यालय तहमा भर्ना तथा उत्तीर्ण दरका साथै नागरिक औसत आयु र मानव विकास परिसूचक पनि अन्य क्षेत्रको तुलनामा उच्च रहेको छ । यस महानगरका सामुदायिक विद्यालयहरूमा करिब २००० शिक्षक र सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कुल संख्या करिव १ लाख १० हजारभन्दा रहेको देखिन्छ । विज्ञान तथा प्रविधिका क्षेत्रको प्रवर्द्धन र विस्तारले गति लिएको छ । यस क्षेत्रमा अध्ययन, अनुसन्धान तथा प्रशिक्षण प्रदान गर्ने शिक्षण संस्थाहरूको विकास र विस्तार हुँदै गएका छ ।

### ४.१.२ समस्या तथा चुनौती

शैक्षिक गुणस्तरको कमी र शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु मुख्य शैक्षिक समस्या हो । विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविस्कारका लागि प्रोत्साहनको कमी रहेको छ । सामुदायिक तथा संस्थागत विद्यालयबीच शैक्षिक गुणस्तरमा फरक रहेको छ भने सामुदायिक विद्यालयको शिक्षाप्रति महानगरवासीको विश्वासमा कमी रहेको छ । सामुदायिक विद्यालयमा दरबन्दी मिलान, शिक्षक समायोजन, नेतृत्व सबलीकरण, भौतिक पूर्वाधार विकास, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी हुन सकेको छैन । स्थानीय बजारको माग अनुरूपका जनशक्ति उत्पादन गर्न र निम्न आय भएका समुदायका लागि सर्वसुलभ लागतमा प्राविधिक शिक्षामा पहुँच स्थापित हुन सकेको छैन । निजी क्षेत्रमार्फत् सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको स्तरोन्नति तथा गुणस्तर कायम तथा नियमित अनुगमन गरी शैक्षिक कार्यक्रमहरूलाई

प्रभावकारी बनाउन प्रोत्साहित गर्ने विषय पनि यथावत् नै छ । जीवनउपयोगी एवम् गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न सकिएको छैन।

### ४.१.३ सोच

"नगरको रुपान्तरणका लागि मानव संशाधनको विकास"

### ४.१.४ उद्देश्य

१. महानगरपालिकाले सञ्चालनमा ल्याएको बहुप्राविधिक विद्यालयको सबलीकरण गरी विश्व विद्यालयसँगको सहकार्यमा प्राविधिक विषयहरूमा स्नातक तहसम्मको अध्ययापन गराउने व्यवस्था गर्नु ।

२. स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतसाधनको समुचित उपयोग, सांस्कृतिक र सामाजिक विशेषताका साथै विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन र जलवायु अनुकूलनका विषय समेटी स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्नु ।

३. कक्षा कोठामा आर्जन गरेको ज्ञान र सीपलाई नवउद्यम र श्रमबजारसँग जोड्न सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्नु ।

### ४.१.५ रणनीति

१. बहुप्राविधिक विद्यालयमा प्राविधिक धार थप गर्दै लैजाने र श्रम बजारको मागअनुसारका विषयमा कक्षा सञ्चालन गर्ने,

२. विभिन्न विश्वविद्यालय तथा अध्ययन संस्थानहरूसँग सम्बन्धन र सहकार्य बढाउँदै लैजाने,

३. महानगरको भूगोल, इतिहास, संस्कृति, पर्यावरण, भेषभुषा, रैथाने ज्ञान सीप र सभ्यता समेटेर पाठ्यक्रम तयार गरी नियमित अद्यावधिक गर्ने,

४. शिक्षा महाशाखालाई अत्याधुनिक प्रविधियुक्त शैक्षिक केन्द्र (हव) का रूपमा विकास गर्ने,

५. सीमान्तकृत वर्गका बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्थासहित माध्यमिक विद्यालयलाई विषय विधाका आधारमा मेघा विद्यालयका रूपमा स्तरोन्नति गर्ने,

६. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने, र

७. मन्टेशोरी विधिबाट पठनपाठनका लागि मापदण्ड तोकी नक्साङ्कनका आधारमा स्थापना गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रारम्भिक बाल विकास तहको सहजै देखिने भर्नादर | प्रतिशत | ७४.९ | ८५ | ८६ | ८७ | ८८ |
| प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर | प्रतिशत | ७९.६ | ८५ | ९० | १०० | १०० |
| प्राथमिक तह खुद भर्नादर | प्रतिशत | ९७.५ | ९७.८ | ९८ | ९८ | ९८ |
| आधारभूत तहको खुद भर्नादर | प्रतिशत | ९५.३ | ९५.३ | ९५.५ | ९५.५ | ९५.५ |
| माध्यमिक तह (९-१०) खुद भर्नादर | प्रतिशत | ९३.४ | ९४ | ९४ | ९४ | ९४ |
| कक्षा १-५ को उतीर्णदर | प्रतिशत | ९६.३ | ९७ | ९८ | ९८ | ९८ |
| कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | प्रतिशत | २.५ | २ | १.५ | १.५ | १ |
| कक्षा ६-८ को उत्तीर्ण दर | प्रतिशत | ९४.४ | ९५ | ९५.५ | ९६ | ९६ |
| कक्षा ६-८ को कक्षा छाड्ने दर | प्रतिशत | १.७ | १.५ | १ | १ | १ |

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कक्षा ९-१० को उत्तीर्ण दर | प्रतिशत | ९५.४ | ९५ | ९५.५ | ९६ | ९६ |
| कक्षा ९-१० को कक्षा छाड्ने दर | प्रतिशत | १.३ | १ | १ | १ | १ |
| साक्षरता दर (५ वर्ष वा सोभन्दा माथि) | प्रतिशत | ९८.५ | ९९ | १०० | १०० | १०० |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | ८५ | ९० | १०० | १०० | १०० |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | ८५ | ९० | ९१ | ९२ | ९२ |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ९५ | ९९ | १०० | १०० | १०० |

## ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १६६६३०३ | १४९९६७३ | १६६६३० | ० | ६३०२८० | १०१७५९९ | १८४२५ | ० |
| २०८१/८२ | १७२५२२५ | १५५२७०३ | १७२५२३ | ० | ६५१६०५ | १०५३६९४ | १९९२६ | ० |
| २०८२/८३ | १९३८८९४ | १७४५००४ | १९३८८९ | ० | ७५४७४९ | ११६०८६६ | २३२७९ | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास कार्यक्रम | बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना वृद्धि गर्नु | सालबसाली | ३६२३६० | २११ बाल विकास केन्द सुचारु सञ्चालन हुनेछन् र प्रारम्भिक बाल विकास खुद भर्नादर ९० प्रतिशत पुगेको हुनेछ । |
| २ | आधारभूत शिक्षा कार्यक्रम | आधारभूत शिक्षा निशुल्क एवम् अनिवार्य गर्नु | सालबसाली | ५३१०२२ | आधारभूत तह खुद भर्नादर ९८.५ पुगेको हुनेछ र शैक्षिक उपलब्धि सरदर ६५ प्रतिशत पुगेको हुनेछ । |
| ३ | माध्यमिक शिक्षा कार्यक्रम | मध्यमस्तरको जनशक्ति तयार गर्नु | सालबसाली | २३२७४९ | माध्यामिक तहको खुद भर्ना दर ९३ प्रतिशत र औषत जिपिए दर ३.६ पुगेको हुनेछ । |
| ४ | प्राविधिक शिक्षा कार्यक्रम | प्रविधियुक्त मध्यमस्तरको जनशक्ति उत्पादन गर्नु | सालबसाली | ५७८०१ | माद्यामिक तह उमेर समूहका ५० प्रतिशत विद्यार्थीमा प्राविधिक शिक्षामा पहुँच हुनेछ । |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम | नागरिकलाई पूर्ण साक्षर बनाइ निरन्तर शिक्षा प्रदान गर्नु | सालबसाली | ५१८८१ | साक्षर महानगर कार्यक्रमलाई निरन्तरता दिई जीवनपयोगी सीपमा अभिवृद्धि हुनेछ। |
| ६ | पोखरा प्रज्ञा प्रतिष्ठान | कला, संस्कृति, साहित्व अध्ययन, अनुसन्धान, संरक्षण र सम्वर्द्धन गर्नु | सालबसाली | १३८७२ | महानगर विशिष्टताका कला, संस्कृति र साहित्यको अध्ययन, अनुसन्धान गरी कला, संस्कृति र सम्पदाको संरक्षण र सम्बर्द्धन हुनेछ । |
| ७ | गण्डकी बहुप्राविधिक शिक्षालय | प्राविधिक शिक्षाको पूर्वाधार विकास गर्नु | २०७९/८० देखि २०८१/८२ सम्म | १५७४५ | महानगरमा १ सुबिधा सम्पन्न प्राविधिक शिक्षालय निर्माण भई प्राविधिक शिक्षाको अवसर उपलब्ध हुनेछ । |
| ८ | महानगर शैक्षिक प्रशासन कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | ११४२०८ | बालविकास सहयोगी कार्यकर्ता २११, प्राथमिक तहका शिक्षक १०१७, निमावि तहका शिक्षक ३१२ र मावि तहका ३३३ |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | शिक्षकहरूको क्षमतामा गुणात्मक वृद्धि हुनेछ । |
| ९ | शैक्षिक विकास अन्य सालवसाली कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | ३०२६९२६ | शैक्षिक पहुँच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा २० प्रतिशतले वृद्धि हुनेछ र २०६ ओटा सामुदायिक विद्यालयको भौतिक संरचनामा सुधार हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

संघीय नेपालको संवैधानिक प्रावधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारबीच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट भएको छ। प्रदेशले प्रदेशस्तरमा तथा स्थानीय तहले स्थानीय स्तरका स्वास्थ्य सेवा प्रदान गर्ने कार्य तथा जनस्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरी आएका छन्। यस क्षेत्रमा विशिष्टकृत एवम् उच्चस्तरीय स्वास्थ्य सेवाका अवसरहरू सरकारी तथा निजी स्वास्थ्य संस्थामार्फत स्थानीयस्तरमा नै उपलब्ध रहेको छ। हालका दिनमा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच, स्वस्थ जीवन शैली तथा पोषणको क्षेत्रमा सकारात्मक उपलब्धिहरू हासिल भएका छन् ।

यस महानगरपालिकामा रहेको स्वास्थ्य महाशाखाले महानगरमा पहिलेदेखि नै सञ्चालन भई संघीय व्यवस्थापछि हस्तान्तरण भई आएका सबै स्वास्थ्य संस्था तथा त्यहाँबाट प्रवाह हुने सेवाहरूको व्यवस्थापन गर्ने अवसरसमेत महानगरलाई प्राप्त भएको छ । यसबाट महानगरअन्तरगत प्रवाह हुने आधारभूत स्वास्थ्य सेवाका विषयमा नीतिनियम तर्जुमा गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने, कार्यविधि र मापदण्ड निर्माणको जिम्मेवारी महाशाखा अन्तरगत आएको छ। महानगरपालिका अन्तरगत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधी तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य पनि महाशाखाले नै गर्ने गरेको छ। यसका अतिरिक्त महानगर क्षेत्रमा सञ्चालित सरकारी, निजी तथा अन्य सबै किसिमका स्वास्थ्य संस्थाहरूको अनुगमन तथा मूल्यांकनका साथै निजी क्षेत्रका संस्थाहरूलाई स्थापना तथा सञ्चालन अनुमति दिने र उनीहरूको सेवाको गुणस्तर निर्धारणदेखि अनुगमन गर्ने जिम्मेवारी पनि महाशाखालाई दिइएको छ ।

### ४.२.२ समस्या तथा चुनौती

स्वास्थ्य सेवाको विस्तार एवम् स्तरोन्नती सँगै नसर्ने रोग तथा अस्वस्थकर जीवनशैलीमा विस्तारले स्वास्थ्य तथा पोषणको क्षेत्रका मुख्य चुनौतीका रुपमा खडा भएका छन् । महानगरअन्तरगत सबैभन्दा तल्लो तहको शहरी स्वास्थ्य केन्द्रदेखि माथिल्लो तहको अस्पतालसम्मका स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेको अवस्थामा नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवासम्बन्धी व्यवस्था २०७५ अनुसार सेवा प्रवाहको सुनिश्चितता गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य

उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ। विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीका कारण महानगरको ध्यान सोको रोकथाम र नियन्त्रणका उपायमा केन्द्रित हुँदा यस अन्तरगतका स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारितामा पनि क्षयीकरण भएको छ। नेपाल सरकारको स्वास्थ्य बीमाअन्तरगतका सेवा प्रभावकारी रूपमा प्रदान गर्ने जिम्मेवारीसमेत स्थानीय तहलाई नै आएको छ। महानगरपालिका अन्तरगतका सबै स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्न र सेवाग्राहीको आवश्यकताअनुरूपको सहज सेवा प्रदान गर्न आवश्यक श्रोत, साधन तथा क्षमताको कमी रहेको छ।

### ४.२.३ सोच

"स्वस्थ र उत्पादनशील महानगरवासी"

### ४.२.४ उद्देश्य

१. सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु।
२. कोभिड लगायतका महामारीजन्य रोग एवम् सम्भावित विपद् जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्नु।
३. तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालासँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्नु।

### ४.२.५ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने।
२. शहरी स्वास्थ्य केन्द्रहरू नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने तथा स्थापना भएका वडाहरूमा प्रभावकारी रूपमा सञ्चालन गर्ने।
३. स्वास्थ्य संस्थाहरूमा मापदण्डअनुसारका भौतिक पूर्वाधार तथा औजार उपकरणहरूको व्यवस्थापन तथा सुदृढीकरण गर्ने।
४. स्वास्थ्यसम्बन्धी विपद् जोखम न्यूनीकरणका लागि आवश्यक व्यवस्था कानूनी र संस्थागत गर्ने।
५. अनुसन्धान र प्रमाणमा आधारित स्वास्थ्य सेवा प्रवाहका लागि निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लैजाने।
६. नागरिकमा दिगो र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| मापदण्ड अनुसार ४ पटक प्रसव पूर्व स्वास्थ्य सेवा प्राप्त गर्ने महिला (जीवित जन्ममा) | प्रतिशत | ४०३.५९ | १७१.०३ | १८० | १८५ | १८७ |
| घरमै सुत्केरी हुने महिला | संख्या | २ | १ | ० | ० | ० |
| परिवार नियोजनका साधन प्रयोग दर | प्रतिशत | ३२ | ३५ | ३८ | ४० | ४२ |
| नवजात शिशुको मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | ९.३९ | १.८५ | १.२३ | १.१० | १ |

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख) | जना | १७२ | १६० | १४५ | १३० | ११० |
| ५ वर्ष मुनिका बालबालिकाहरूमा नयाँ शिघ्र स्वासप्रश्वास संक्रमण दर | प्रति हजारमा | ४१२ | ४०० | ३८० | ३५० | ३०० |
| ५ वर्ष मुनिका बालबालिकाहरूमा झाडापखलाको नयाँ संक्रमण दर | प्रति हजारमा | १८९ | १८० | १७० | १६० | १५० |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात | अनुपात | १२.९४ | १२.८७ | १३ | १४ | १५ |
| वृद्धि अनुगमन गरिएका २३ महिना मुनिका बालबालिका मध्ये कम तौल भएका बालबालिका संख्या | प्रतिशत | ०.६ | ०.६ | ०.५ | ०.५ | ०.४ |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ४.५ | ४.२ | ४.५ | ४.७ | ४.९ |

## ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३००३६४ | २७०३२७ | ३००३६ | ० | २१००९३ | ८००३४ | १०२३६ | ० |
| २०८१/८२ | ३१०५४१ | २७९४८६ | ३१०५४ | ० | २१७२०२ | ८२२६९ | ११०७० | ० |
| २०८२/८३ | ३५३९२५ | ३१८५३३ | ३५३९३ | ० | २५१५८३ | ८९४०९ | १२९३३ | ० |

## ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | चापाकोट स्वास्थ्य चौकी भवन निर्माण | चापाकोट स्वास्थ्य चौकीको मापदण्ड अनुसारको भवन निर्माण गर्नु । | २०८०/८१ देखि २०८१/८२ सम्म | २३००० | चापाकोट स्वास्थ्य चौकीको मापदण्ड अनुसारको ९ कोठे भवन निर्माण भएको हुनेछ । |
| २ | आर्वा विजय स्वास्थ्य चौकी भवन निर्माण | आर्वा विजय स्वास्थ्य चौकीको मापदण्ड अनुसारको भवन निर्माण गर्नु । | २०७९/८० देखि २०८०/८१ सम्म | ५००० | आर्वा विजय स्वास्थ्य चौकीको मापदण्ड अनुसारको ६ कोठे भवन निर्माण भएको हुनेछ । |
| ३ | बास्कोट शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण | बास्कोट शहरी स्वास्थ्य केन्द्रको मापदण्ड अनुसारको भवन निर्माण गर्नु । | २०८०/८१ देखि २०८१/८२ सम्म | १८००० | बास्कोट शहरी स्वास्थ्य केन्द्रको मापदण्ड अनुसारको ९ कोठे भवन निर्माण भएको हुनेछ । |
| ४ | वडा नं. १२ को शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण | वडा नं. १२ को शहरी स्वास्थ्य केन्द्रको मापदण्ड अनुसारको भवन निर्माण गर्नु । | २०७९/८० देखि २०८०/८१ सम्म | ५००० | वडा नं. १२ को २ कोठे शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण भएको हुनेछ । |
| ५ | वडा नं. १७ को शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण | वडा नं. १७ को शहरी स्वास्थ्य केन्द्रको मापदण्ड अनुसारको भवन निर्माण गर्नु । | २०७९/८० देखि २०८०/८१ सम्म | ७००० | वडा नं. १७ को २ कोठे शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण भएको हुनेछ । |

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | काहुँ स्वास्थ्य चौकी भवन निर्माण | काहुँ स्वास्थ्य चौकीको मापदण्ड अनुसारको भवन निर्माण गर्नु । | २०७९/८० देखि २०८०/८१ सम्म | ५००० | काहुँ स्वास्थ्य चौकीको २ कोठे भवन निर्माण भएको हुनेछ । |
| ७ | शहरी स्वास्थ्य प्रवर्द्धन भवन निर्माण | मापदण्ड अनुसारको शहरी स्वास्थ्य प्रवर्द्धन भवन निर्माण गर्नु । | २०८०/८१ देखि २०८१/८२ सम्म | २०००० | शहरी स्वास्थ्य प्रवर्द्धनको ६ कोठे भवन निर्माण भएको हुनेछ । |
| ८ | शिशुवा अस्पताल सञ्चालन | शिशुवा अस्पतालबाट स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु | सालवसाली | ३३१००० | शिशुवा अस्पतालबाट सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ । |
| ९ | स्वास्थ्य संस्था भवन मर्मत सम्भार कार्यक्रम | प्राथमिकताका आधारमा स्वास्थ्य चौकीहरूको मापदण्ड अनुसारको भवन निर्माण गर्नु | सालबसाली | १८५०० | कुल ७ वटा स्वास्थ्य संस्थाको भवन निर्माण भई सेवा सहज हुनेछ । |
| १० | आधारभूत स्वास्थ्य कार्यक्रम | वडा तहमा स्वास्थ्य संस्था सञ्चालन तथा सुदृढीकरण गरी नियमित रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु | सालबसाली | २०५१३० | कुल ४७ वटा स्वास्थ्य संस्थाहरूमार्फत गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नियमितरुमा संचालन भई स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्यहरू पुरा गर्न सहयोग पुग्नेछ । |
| ११ | आर्युवेद तथा बैकल्पिक स्वास्थ्य कार्यक्रम | आर्युवेद तथा बैकल्पिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवासँग एकिकृत गर्दै नियमित स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाउनु | सालबसाली | ११६५० | कुल ६ वटा स्वास्थ्य संस्था मार्फत आर्युवेद स्वास्थ्य सेवा प्रवाह भई करिब ३०,००० नागरिकले स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन् । |
| १२ | क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धन कार्यक्रम | स्वास्थ्य सेवा सम्बन्धी प्राविधिक तथा व्यवस्थापकीय ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्नु र जनस्वास्थ्य प्रवर्द्धन गर्नु | सालबसाली | १७९०० | कुल ४७ वटा स्वास्थ्य संस्थाको संस्थागत क्षमता र करिब ३४० स्वास्थ्यकर्मीको ज्ञान, सीप र दक्षता अभिवृद्धि भई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह हुनेछ । |
| १३ | महामारी तथा घातक रोग जोखिम व्यवस्थापन कार्यक्रम | महामारी तथा घातक रोगबाट हुने क्षती घटाउनु | सालबसाली | २१५७४ | महामारी तथा घातक रोगबाट हुने क्षतिमा १५ प्रतिशतले कमी आउनेछ । |
| १४ | स्वास्थ्य महाशाखा सञ्चालन तथा व्यवस्थापन | स्वास्थ्य महाशाखाको व्यवस्थापन तथा कार्य सम्पादनलाई प्रभाबकारी गराउनु । | सालवसाली | ५५८०९६ | स्वास्थ्य संस्थाबाट हुने सेवा प्रबाहको ग्राहक सन्तुष्टि दरमा १० प्रतिशत सुधार भएको हुनेछ। |

## ४.२.९ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल

नहुन सक्छ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा कोभिड-१९ जस्ता महामारीले जनस्वास्थ्य तथा स्वस्थ जीवनशैली प्रवर्द्धनमा अवरोध पुर्याउने गर्न सक्ने जोखिम रहेको छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

पोखरा महानगर क्षेत्रमा खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेख्य पहल भएका छन् । आधारभूत खानेपानीमा पहुँच उपलब्ध रहेको घरपरिवार ९५ प्रतिशत रहेको छ भने ९८ प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको देखिन्छ । पोखरा महानगरपालिकामा मानवसिर्जित फोहोर मैला घरघरमा नै सेप्टिक ट्यांकी बनाएर विसर्जन गर्ने गर्ने अभ्यास रहेको छ । पोखरा महानगरपालिमा घरघरबाटै फोहोरमैला संकलन गरी वडा नं. ३२ लामे अहालमा रहेको अस्थायी फोहोर विसर्जन केन्द्रमा लगेर व्यवस्थापन गरिदै आएको छ भने वडा नं. ३३ को उपल्लो पुँडीटारमा स्थायी र आधुनिक फोहोर प्रशोधन केन्द्र निर्माणको प्रकृया अगाडी बढेको छ । ग्रामीण क्षेत्रमा भने घरमै गरिने गरेको छ । खानेपानीका श्रोतका रुपमा मुल तथा खोलाहरू रहेका छन् । प्रशोधित खानेपानी वितरणका लागि नेपाल खानेपानी संस्थान र लेखनाथ साना शहरी आयोजनामार्फत् कार्यहरू भइ रहेका छन् । अधिकांश वडाहरूमा एक घर एक धारा कार्यक्रमअनुसार खानेपानी वितरण भइरहेको ।

### ४.३.२ समस्या तथा चुनौती

आधारभूत तहको खानेपानीको सुबिधा ९५ प्रतिशत महानगरबासीमा पुगेको भएतापनि खानेपानीको गुणस्तर कायम हुन सकेको छैन । खानेपानीको गुणस्तर सुनिश्तित गर्ने प्रसोधन संयन्त्रको सर्बत्र कमी रहेको छ । आधुनिक फोहोर प्रशोधन केन्द्र निर्माण तथा अस्थायी ल्यान्डफिल साइटको दिगो व्यवस्थापन महानगरको प्रमुख चुनौती बनेको छ । तीव्र रूपमा शहरीकरणका कारण खानेपानी तथा सरसफाईसँग सम्बन्धित सेवाहरूको माग दिनप्रति बढदै गएको छ । महानगरको बजेट तथा कार्यक्रमको प्राथमिकता सडक पुल जस्ता भौतिक पूर्वाधारको तुलनामा खानेपानी तथा सरसफाइ जस्ता सामाजिक पूर्वाधारमा तुलनात्मक रुपमा कम हुने गरेको छ । जनस्तरमा सरसफाई सम्बन्धी सचेतनाको कमीका कारण शहरी क्षेत्रको स्वच्छता कायम राख्न कठिन भएको छ ।

### ४.३.३ सोच

"दिगो फोहोर व्यवस्थान र स्वच्छ खानेपानी सेवा"

### ४.३.४ उद्देश्य

१. महानगरपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु ।

२. महानगरपालिकाको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्रको मास्टर प्लान तथा विस्तृत योजना प्रतिवेदन तयार गरी काम सुरु गर्नु ।

### ४.३.५ रणनीति

१. स्वच्छ खानेपानीका लागि एक घर एक धारा सुनिश्चित गर्नुका साथै सार्वजनिक स्थलहरूमा समेत सर्वसुलभ खानेपानीको व्यवस्था गर्ने ।

२. ग्रामीण वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।

३. गरिबीको रेखामुनि रहेका र अस्थायी शौचालय प्रयोग गरेका घरपरिवारका लागि पक्की शौचालय निर्माण गर्ने र सार्वजनिक स्थानहरूमा शौचालयको प्रबन्धका लागि विशेष व्यवस्था गर्ने ।

४. महानगरको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार | प्रतिशत | ८८ | ९५ | ९७ | ९८ | ९९ |
| सुचारु खानेपानी आयोजना | संख्या | ५ | ५ | ६ | ६ | ६ |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | ८१ | ८४ | ८५ | ९० | ९५ |
| सार्वजनिक शौचालय | संख्या | ४० | ४५ | ५० | ६० | १०० |
| नगरपालिकाबाट नियमित फोहर संकलन हुने शहरी घरपरिवार | प्रतिशत | ८२ | ८४ | ८८ | ९० | ९२ |
| खानेपानी सुद्धता परिक्षण भएका आयोजना | प्रतिशत | ८५ | ८५ | ९० | ९२ | ९४ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५०१८२ | १५०१८ | १३५१६४ | ० | ४२०१९ | १०४०६९ | ४०९४ | ० |
| २०८१/८२ | १५५२७० | १५५२७ | १३९७४३ | ० | ४३४४० | १०७४०२ | ४४२८ | ० |
| २०८२/८३ | १७७४७५ | १७७४८ | १५९७२८ | ० | ५०३१७ | १२१९८६ | ५१७३ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भरतपोखरी निर्मलपोखरी खानेपानी आयोजना ( सहलगानी) | खानेपानी सुबिधा उपलब्ध गराउनु । | २०७६/०७७ – २०८०/०८१ | २०००० | २५०० धारा निर्माण हुनेछन् । |
| २ | खानेपानी आयोजना, वडा नम्बर २८ (क्रमागत) | खानेपानी सुबिधा उपलब्ध गराउनु । | २०७८/०७९ – २०८०/०८१ | ३०००० | ५०० धारा निर्माण हुनेछन् । |
| ३ | सराङकोट खानेपानी आयोजना (क्रमागत) | खानेपानी सुबिधा उपलब्ध गराउनु । | २०७६/०७७ – २०८०/०८१ | ३०००० | ५०० धारा निर्माण हुनेछन् । |
| ४ | खानेपानी आयोजना, वडा नम्बर ३२ (सहलगानी) | खानेपानी सुबिधा उपलब्ध गराउनु । | २०७९/०८० – २०८०/०८१ | २५००० | २०० धारा निर्माण हुनेछन् । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | काहुँ बृहत खानेपानी आयोजना | खानेपानी सुबिधा उपलब्ध गराउनु । | २०८०/०८१ | २५०० | १ किमि पाइपलाइनबाट खानेपानी सुबिधा विस्तार भएको हुनेछ । |
| ६ | ग्यारजाती लिफ्टिङ आयोजना | खानेपानी सुबिधा उपलब्ध गराउनु । | २०८०/०८१ | २००० | २ वटा मोटर जडान भइ खानेपानी सुबिधा सुचारु भएको हुनेछ । |
| ७ | खानेपानी संरचना मर्मत सम्भार तथा सरसफाई कार्यक्रम | खानेपानी सुबिधा सुचारु गराउनु | सालबसाली | १९१०० | १५ वटा सार्वजनिक धारा र ९ वटा खानेपानी टंकी मर्मत तथा १५ किमि पाइपलाइन मर्मत हुनछ । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरेअनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, आयोजनाको निर्माणमा ढिलाइ र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने कार्य जोखिमको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । पोखरा महानगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइरहेको छ । महानगरपालिकाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन भएको छ। आर्थिक तथा सामाजिक रूपमा पिछडिएको वर्गका लागि विशेष कार्यक्रम कार्यान्वयनमा छन् । सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बालहिंसा, लैङ्गिक हिंसा मुक्त शहर बनाउन कार्यक्रमहरू सञ्चालन भएका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएकोछ । यस महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तीकरण क्षेत्रमा ४० वटा संघ/संस्था क्रियाशील छन् ।

महानगरपालिकाले महिला र लक्षित वर्गका लागि उपमेयरसँग महिला कार्यक्रम सञ्चालन गरी विभिन्न कार्यक्रममार्फत् आर्थिक सशक्तीकरण अभियान गरिरहेको छ। लैङ्गिक हिंसाविरुद्धको अभियानका लागि प्रत्येक वडामा लैङ्गिक हिंसाविरुद्ध पुरुषको ऐक्यबद्धता कार्यक्रम सञ्चालन भइरहेको छ। बालबालिकासँग सम्बन्धित क्षेत्रमा क्रियाशील संघ/संस्थाहरूले बाल संरक्षण, विकास तथा सहभागिता अभिवृद्धिमा पैरबी गर्न विभिन्न रुपमा पैरवी भइरहेका छन् । बालबालिकाको पहुँच र क्षमता विकासका लागि ३३ वटा वडामा वडास्तरीय बालमञ्च गठन भएका छन् । सडक बालबालिकाको उचित व्यवस्थापनका लागि ४२ वटा बालगृह स्थापना गरी सडक बालबालिका उद्धार कार्य सञ्चालन भइरहेको छ । अपांगता भएका व्यक्तिको हकहित सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपांगता वडा सञ्जाल गठन गरिने निर्णय गरी त्यसका लागि कार्य

अघि बढिरहेको अवस्था छ। ज्येष्ठ नागरिकको सम्मान निमित्त प्रत्येक वर्ष ज्येष्ठ नागरिक दिवस मनाई नगर माता र नगर पिता घोषणा गरी सम्मान कार्यक्रम सञ्चालन गरिएको छ।

### ४.४.२ समस्या तथा चुनौती

यस नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भए तापनि लक्षित वर्गको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन। नगरपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ। एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन। लक्षित वर्गका महिला, बाल बालिका, जेष्ट नागरिक, अपांगता भएका व्यक्तिहरूमा हिंसाजन्य व्यवहार कायमै रहेको देखिन्छ। लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी सचेतनामा कमी रहेको छ। महिलामा बहुकार्य बोझको अवस्था कायमै छ। लक्षित वर्ग सशक्तीकरण र क्षमता विकास कार्यक्रम प्रभावकारी हुन नसक्दा उनीहरूको अवस्थामा आशातित सुधार हुन सकेको छैन। बालश्रम र हिंसा उत्मूलन हुन सकेका छैनन्। लक्षित वर्गमा आत्मविस्वासको कमी रहेको छ। सामाजिक सुरक्षा वृत्ति वितरणमा समस्या र गुनासो कायमै रहेको छ।

लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरूबाट अपेक्षित प्रतिफलमा प्राप्त हुन भने सकेको छैन। लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। पिछडिएको वर्गमा कानून तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ। आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी छ भने प्रभावशाली उपस्थिति रहेको छैन।

### ४.४.३ सोच

"समतामूलक, समृद्ध र सुखी पोखरेली समाज"

### ४.४.४ उद्देश्य

१. सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा महानगरपालिकालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै समावेशी शहरका रूपमा विकास गर्न समावेशी नीति तयार गरी लागु गर्नु।

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधारशिला तयार गर्नु।

३. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गर्नु।

### ४.४.५ रणनीति

१. दीर्घकालीन सोचतर्फ उन्मुख भई महानगरपालिकालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगतामैत्री शहरका रूपमा विकास गर्न लैङ्गिक समानतासम्बन्धी क्षेत्रगत नीति, कानून, संरचना, रणनीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने।

२. अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थलहरू महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपांगतामैत्री सुनिश्चित हुने गरी नीति निर्माण गरिने।

३. महिला, अपांगता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने।

४. लक्षित वर्गको आर्थिक अवस्थामा सुधार गर्न सशक्तीकरणका कार्यक्रम सञ्चाालन गरिने।

५. समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यत्रविधि निर्माण गर्ने ।

६. सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी समाजमा रहेका रूढिवादी तथा कुप्रथाका विरुद्ध सामाजिक न्याय, पैरवी तथा वकालतका लागि विभिन्न कार्यक्रम आयोजना गरिने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तरगत दर्ता भएका प्रहरी मुद्दा | संख्या | १७० | १६० | १५५ | १५० | १३० |
| महानगरभित्र रहेका सडक बालबालिका | संख्या | २१ | १५ | १२ | १० | ८ |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | ७६ | ७० | ६० | ५० | २० |
| महानगरभित्र रहेका बालगृह | संख्या | २४ | २५ | ३० | ३५ | ४० |
| जीवनभरमा शारीरिक र यौन हिंसा महशुस गरेका महिला तथा बालिका | प्रतिशत | १.५ | १ | ०.९ | ०.८ | ०.४ |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला, किशोरी र बालबालिका | प्रतिशत | ११ | ९ | ८ | ५ | २ |
| यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिला | प्रतिशत | ४ | ३ | २.५ | २ | १.५ |
| महानगरस्थित संघसंस्थाको व्यवस्थापकीय तहमा महिलाको अनुपात | अनुपात | १७ | १७ | १५ | १४ | १० |
| नगर स्तरीय संघ/महासंघको बोर्डमा महिलाको सहभागिता | प्रतिशत | ३३ | ३३ | ३५ | ४० | ४२ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | २० | २० | ३० | ३५ | ४० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०२३८८ | १८२१४९ | २०२३९ | ० | ४२०१९ | १५९३४६ | १०२४ | ० |
| २०८१/८२ | २०७०२७ | १८६३२४ | २०७०३ | ० | ४३४४० | १६२४८० | ११०७ | ० |
| २०८२/८३ | २४६२०९ | २२१५८८ | २४६२१ | ० | ५०३१७ | १९४५९९ | १२९३ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु | सालवसाली | १९८६०० | ज्येष्ठ नागरिक, दलित, एकल महिला, बिधवा, पूर्ण तथा आंशिक आपंगता भएका व्यक्ति, दलित बालबालिका र लोपोन्मुख जातिसमेत ४४,१४३ जना लाभान्वित हुनेछन् |

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | उप-प्रमुखसँग महिला कार्यक्रम | बिपन्न महिला अपांगता भएका व्यक्ति तथा प्रभाभित परिवार, महिला सहकारीका सदस्यहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु | सालवसाली | ६६८४२ | विपन्न महिला, अपांगता भएका व्यक्ति, एकल महिला, महिला सहकारी र महिला समेत वार्षिक ५०० जना स्वरोजगार हुने तथा लाभान्वित हुनेछन् । |
| ३ | महिला विकास कार्यक्रम | महिलाहरूको आर्थिक र सामाजिक ससक्तिकरणमा सहयोग पुर्याउनु | सालवसाली | १७३२० | वार्षिक ५,००० जना महिला लाभान्वित हुनेछन् र महिलाले प्रवर्द्धन गरेका १६ ओटा महिला विकास सहकारी संस्थाको प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ४ | बालबालिका कार्यक्रम | बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालवसाली | १६६२७ | वार्षिक ७,४०० जना बालबालिका प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ५ | अपाङ्गता भएका व्यक्ति संरक्षण र सशक्तीकरण कार्यक्रम | वर्गीकृत परिचय पत्र, सहायक सामग्री र सचेतनामा बृधि गर्नु | सालवसाली | १२१२४ | ३,१०० जना अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचय पत्र पाइ सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएका हुनेछन् । |
| ६ | ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ज्येष्ठ नागरिकको सम्मान र संरक्षण गर्नु | सालवसाली | ४१५७ | सामाजिक सुरक्षा कार्यक्रमबाट १६,००० जना र अन्य कार्यक्रम बाट वार्षिक ३,३०० जना ज्येष्ठ नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ७ | दलित, अल्पसंख्यक, सिमान्तकृत र जनजाति उत्थान कार्यक्रम | दलित, अल्पसंख्यक, सिमान्तकृत, जनजाति र यौनिक अल्पसंख्यकको अधिकार र संस्कृति संरक्षण र प्रवर्द्धन गर्नु | सालवसाली | ३४६४ | दलित वर्गमा चेतना र संस्कृतिको जगेर्नामा अभिवृद्धि, सिमान्तकृत बर्गको सशक्तीकरणमा अभिवृद्धि हुनेछ । |
| ८ | सामाजिक विकास क्षेत्र अन्य कार्यक्रम (प्रशासनिक खर्च समेत) | प्रशासनिक तथा अन्य भैपरी आउने कार्यको व्यवस्थापन गर्नु | सालवसाली | १६७२१३ | सामाजिक सेवा तथा सुबिधामा बढोत्तरी हुनेछ । |
| ९ | संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित अन्य कार्यक्रम | शहरी शासन, विकास तथा सेवा प्रवाह प्रक्रियामा महिला, बालबालिका र पिछडिएको वर्गको सहभागिता र अपनत्व वृद्धि गर्नु | सालवसाली | १६८७२ | शहरी शासन प्रक्रियामा महिला, बालबालिका तथा पिछडिएको वर्गको सहभागितामा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

महानगरमा १५ देखि ४९ वर्ष समूहका युवा जनसंख्याको अनुपात करिब ६० रहेको छ । यस क्षेत्र पूर्वाधार तथा अवसरका हिसाबले पनि अध्ययन, व्यवसाय सञ्चालन र खेलकुदको क्षेत्रमा उर्वर रहेको छ । फुटबल, भलिबल, क्रिकेट जस्ता खेलमा यस क्षेत्रका दर्जनौं खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सफलता हासिल गरिसकेका छन् । व्यापार, उद्योग तथा पर्यटन क्षेत्रमा युवा सहभागिता उच्च रहेको छ । पर्यटन उद्योगसँग सम्बन्धित हिमाल आरोहण, प्याराग्लाइडिङ, क्यान्योइङ, रक क्लाइम्बिङ, साइक्लिङजस्ता साहसिक खेलकुदमा पोखरा क्षेत्रले फरक पहिचान बनाएको छ । युवा तथा खेलकुद क्षेत्रको सम्भावना र विगतका कदमको सिकाइलाई आत्मसात् गरेर यस महानगरले हालै महानगरस्तरीय युवा परिषद् गठन गरेको छ । त्यसैगरी संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा लामो समयदेखि अलपत्र रहेको पोखरा रंगशालालाई स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको रुपान्तरण गरिएको छ ।

यसका अतिरिक्त, अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र हाई अल्टिच्युड खेल मैदान निर्माणाधिन रहेको छ । महानगरले सूचना तथा सञ्चार प्रविधि र युवा जनशक्तिलाई तुलनात्मक लाभको नयाँ क्षेत्रका रूपमा पहिचान गरिएको छ । विद्यमान युवा जनशक्तिलाई सूचना प्रविधि (आईसीटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गर्ने अवसर महानगरसँग रहेको देखिन्छ । तसर्थ महानगरले पोखरालाई सिर्जनशील, स्मार्ट र समुन्नत शहरका रूपमा विकास गर्न युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलता र व्यावसायिक खेलकुदप्रति आकर्षित गर्नु आवश्यक छ ।

### ४.५.२ समस्या तथा चुनौती

युवा पलायन, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, युवा बेरोजगारी, दुर्वसन र वैदेशिक रोजगारीमा आक्रर्षण युवा तथा खेलकुद क्षेत्रका मुख्य समस्याहरू हुन् । युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आक्रर्षण रहेको छैन । विभिन्न तहका सरकारबीच युवा तथा खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव छ । स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चिताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । पर्यटन क्षेत्रको विस्तार तथा प्रवर्द्धनका लागि युवा परिचालन तथा खेलकुद गतिविधिसँगको गतिशील सम्बन्ध स्थापित हुन सकेको छैन । पोखरा दक्ष तथा अर्धदक्ष सबै प्रकारका कामदारका दृष्टिले न्यून श्रमिक (लेबर डेफिसिट) शहर भएपनि युवा भावना बमोजिमको स्वरोजगारीका अवसरमा कमी रहेको छ । खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतीपूर्ण रहेको छ ।

### ४.५.३ सोच

"युवाको सिर्जनशीलता, व्यावसायिकता तथा सर्वाङ्गिण विकास"

### ४.५.४ उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु ।

२. महानगरलाई परम्परागत, साहसिक र व्यावसायिक खेलकुदको आकर्षक केन्द्रका रूपमा विकास गर्नु ।

### ४.५.५ रणनीति

१. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

२. युवाहरूलाई विश्वस्तरमा भइरहेका नवीनतम र सिर्जनात्मक गतिविधिहरूमा अद्यावधिक बनाई राख्ने ।

३. नीति, कानून तथा संरचना र विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने ।

४. खेल गतिविधिहरूको वार्षिक क्यालेण्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्नु ।

५. खेलकुदलाई पोखराको पर्यटन उद्योगसँग जोडेर विकास र प्रवर्द्धन गर्नु ।

६. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| अध्ययन तथा रोजगारीमा नरहेका १५ देखि २४ वर्षका युवा अनुपात | प्रतिशत | ११ | १० | ९ | ८ | ७ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्य (वार्षिक) | संख्या | ६०० | ७०० | ७५० | १००० | ११०० |
| सक्रिय युवा परिषद तथा सञ्जाल | संख्या | ३१ | ३२ | ३३ | ३४ | ३५ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | ६ | ७ | ८ | १० | १२ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ३००० | ३५०० | ४००० | ४५०० | ५००० |
| आयोजना हुने खेलकुद प्रतियोगिता वार्षिक | पटक | ७ | ८ | ९ | १० | १० |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५३६३६ | ५३६४ | ४८२७३ | ० | ४२०१९ | ७५२३ | ४०९४ | ० |
| २०८१/८२ | ५६०७० | ५६०७ | ५०४६३ | ० | ४३४४० | ८२०२ | ४४२८ | ० |
| २०८२/८३ | ६६६८२ | ६६६८ | ६००१३ | ० | ५०३१७ | ११११९२ | ५१७३ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | युवा सृजनशिलता विकास कार्यक्रम | युवाहरूमा सीप प्रदान गरी स्वरोगारीमा अभिवृद्धि गर्नु | सालबसाली | १३९६५ | ३३ वटै वडामा युवा परिषद गठन भई वार्षिक ४५० युवामा उद्यम तथा व्यावसायिक कार्यमा क्रियाशिल हुनेछन् । |
| २. | खेलकुद आयोजना कार्यक्रम | खेलको आयोजना गरी खेल क्षेत्रको प्रवर्द्धन गर्नु | सालबसाली | २६६९३ | कुल १३ वटा विधामा खेल आयोजना भएको हुनेछन् । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३. | पोखरा शारिरीक सुगठन बहुउद्देश्यीय संघको भवन निर्माण | खेलकुदको पूर्वाधार विकास र खेलकुदको विकास गर्नु | २०७९/८० देखि २०८१/८२ सम्म | ३०००० | बहुउद्देश्यीय कबर्डहल निर्माण सम्पन्न भई खेल प्रशिक्षण र प्रतियोगिता नियमित रुपमा सञ्चालन हुनेछन् । |
| ४. | हाइ अल्टियुड खेल मैदान निर्माण आयोजना | खेल पर्यटनको विकास र प्रवर्द्धन गर्नु | २०८०/८१ देखि २०८४/८५ सम्म | २५००० | एक सुबिधा सम्पन्न उचाइमा अवस्थित खेलमैदान पूर्वाधार र सुबिधाको विकास हुनेछ । |
| ५ | खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | १२५७८७ | वार्षिक ६०० युवाहरूमा खेलकुद प्रतिभाको विकास हुनेछ । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ५: पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तरगत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ५.१ बस्ती विकास, आवास तथा भवन

### ५.१.१ पृष्ठभूमि

पोखरा महानगरपालिकाको भवन संरचनाले ओगटेको क्षेत्र सन् १९९० मा ३.३९ प्रतिशत रहेकोमा हाल २.६० गुणाले वृद्धि भई ९.०१ प्रतिशत पुगेको छ भने शहरीकरण दर वार्षिक ५.३३ प्रतिशत रहेको देखिन्छ । सेवा, सुबिधा तथा अवसरको उपलब्धताले अन्य क्षेत्रबाट पोखरामा बसाइसराइ गर्ने प्रवृति व्यापक हुँदै गएको छ । पोखरा महानगरको औसत जनघनत्व प्रति वर्ग किलोमिटर ११०६ व्यक्ति रहेको छ । महानगरको करिब आधा जनसंख्या कुल क्षेत्रफलको करिब १० प्रतिशत क्षेत्रमा र बाँकी ५० प्रतिशत जनसंख्या अरु ९० प्रतिशत क्षेत्रफलमा फैलिएको देखिन्छ ।

नेपालका अन्य शहरमा जस्तै पोखरामा पनि सडक सञ्जालको विस्तार कृषियोग्य भूमि घट्ने र भवन निर्माण बढेर बजार विस्तार हुँदै आएको देखिन्छ । तथापि पोखरा महानगरको शहरीकरण भने एकध्रुवीय (युनिनुक्लेट) रहेको देखिन्छ । पोखरा महानगरले बस्ती विकास मापदण्डमार्फत् यहाँको मुख्य व्यापारिक केन्द्रका साथै अन्य भू-उपयोग व्यवस्थित गर्ने प्रयास गरेको छ । गोरखा भूकम्पपछि नेपाल सरकारले नयाँ मापदण्डको प्रादुर्भाव गरे तापनि यस महानगरपालिकाको मापदण्ड हाल मात्रै परिष्कृत भइरहेको छ ।

पोखरा महानगरपालिकामा ५८ प्रतिशत नागरिकको आफ्नै घर छ भने ३९ प्रतिशत भाडाको घरमा बस्छन् । पोखरामा वर्षमा अधिकतम ५ हजारसम्म नयाँ घर निर्माण अनुमती प्रदान भएको तथ्यांक भए पनि पछिल्ला वर्ष त्यस्तो अनुमतीमा केही कमी आएको छ । यस महानगरपालिकामा करिब ९० प्रतिशतले भवन निर्माण मापदण्डअनुरूप नक्सा वनाई घर बनाउने अनुमति लिए पनि करिब ४० प्रतिशतले मात्र पूर्णरूपले मापदण्ड अनुसरण गर्ने गरेको अनुमान छ । विकसित शहर तथा शहरोन्मुख क्षेत्रहरूमा आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घरहरूको बाहुल्य देखिन्छ भने ग्रामीण क्षेत्रहरूमा ढुङ्गा-माटोका घर निर्माणको प्रचलन कायमै रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

भूउपयोग क्षेत्र निर्धारणसमेत भूउपयोग योजनाको कमीका कारण अव्यवस्थित रुपमा जग्गा प्लटिङ भइरहेकाले भवन निर्माण मापदण्ड पालना र व्यवस्थित एवम् सुरक्षित बस्ती निर्माणमा चुनौती थपिएको छ । राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सोअनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनबेल्टका लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । कार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी रहेको छ । शहरीकरणको अनुपातमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास न्यून रहेको छ भने जग्गाको अनियन्त्रित खण्डीकरणको र अव्यवस्थित भवन निर्माणको अभ्यास निरन्तर रहेको छ । शहरका केही स्थानहरू भौगर्भिक रूपले संवेदनशील भएका कारण जग्गाको सीमित उपलब्धता रहेको छ ।

### ५.१.३ सोच

"हरित, उत्थानशील र समावेशी शहरी विकास"

### ५.१.४ उद्देश्य

१. विद्यमान भवन निर्माण मापदण्डलाई समय सापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।

२. जग्गा विकासका परियोजना क्षेत्रहरूको पहिचान गरी जग्गा एकीकरणका योजनाहरूको सुरुवात गर्नु ।

### ५.१.५ रणनीति

१. जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी भू-उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्नु ।

२. व्यावसायिक तथा आवासीय भौतिक संरचना र शहरी पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्नु ।

३. भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुऱ्याई बस्ती विकासको सहज वातावरण तयार गर्ने ।

४. बसोबास क्षेत्र विकासमा शहर सौन्दर्यीकरण, गुणस्तर सेवा र सुबिधाको न्यूनतम मापदण्ड कायम गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ६० | ६८ | ७५ | ७७ | ८३ |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५९ | ६५ | ६८ | ७० | ७३ |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ६५ | ७० | ७५ | ७७ | ८० |
| घरवाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ |
| सिमसार व्यवस्थापन योजना तयार गरी लागु भएका तालहरूको संख्या | संख्या | ७ | ७ | ८ | ८ | ८ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ८५ | ९० | ९५ | ९७ | १०० |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा बस्ती विकास, आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७१५१५२ | ७१५२ | ७०८००० | ० | ३३६१४९ | ३७५९३२ | ३०७१ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ७४६१६० | ७४६२ | ७३८६९८ | ० | ३४७५२३ | ३९५३१६ | ३३२१ | ० |
| २०८२/८३ | ८४१२१३ | ८४१२ | ८३२८०१ | ० | ४०२५३३ | ४३४८०१ | ३८८० | ० |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ऐतिहासिक तथा पुरातात्विक शहर (सिद्धार्थ चोकदेखि विन्दवासिनीसम्म) संरक्षण आयोजना | पर्यटन तथा संस्कृति प्रवर्द्धन तथा सहरी सुन्दरता अभिवृद्धि गर्नु | २०७९/८० देखि ०८१/८२ सम्म | १००००० | वडा नम्बर २, ३ र ४ का पुराना बजारमा १०० वटा घर, २० वटा सास्कृतिक सम्पदा संरक्षण हुनेछ। |
| २ | पोखरा बसपार्क निर्माण आयोजना | व्यवस्थित यातायात प्रणाली सुव्यवस्थित बनाउनु | २०८०/८१ देखि ०८३/८४ सम्म | १०००००० | ५० रोपनी जग्गामा व्यवस्थित बसपार्क निर्माण हुनेछ। |
| ३ | वडा कार्यालय भवन निर्माण, वडा नबर ३१ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ३५३०० | ३ तले भवन निर्माण हुनेछ। |
| ४ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ६ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८१/८२ सम्म | ७०००० | बेसमेन्ट पार्किङ सहित ४ तले भवन तयार हुनेछ। |
| ५ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ५ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८१/८२ सम्म | ८९४०४ | बेसमेन्ट पार्किङ सहित ४ तले भवन तयार हुनेछ। |
| ६ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ८ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ३०००० | बेसमेन्ट पार्किङ सहित ४ तले भवन निर्माण हुनेछ। |
| ७ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर १७ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८१/८२ सम्म | ७१७८२ | बगैंचा सहित ३ तले भवन निर्माण हुनेछ। |
| ८ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर २६ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ६०५८५ | बगैंचा सहित ३ तले भवन निर्माण हुनेछ। |
| ९ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर २७ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ६६२०१ | बगैंचा सहित ३ तले भवन निर्माण हुनेछ। |
| १० | वडा कार्यालय भवन निर्माण आयोजना (वडा नम्बर १, ९, १४, २०, २५, २८ र ३३) | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ३५०००० | ७ वटा वडाको अत्याधुनिक वडा कार्यालय भवन निर्माण भई सेवा सुचारु हुनेछ। |
| ११ | महानगरको मुख्य प्रशासकीय भवन | शहरी शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | २०७९/८० देखि ०८२/८३ सम्म | ६००००० | प्रशासकीय भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ। |

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १२ | स्मार्ट बहुतले पार्किङ भवन निर्माण आयोजना | ट्राफिक व्यवस्थापन र यातायातलाई सहज बनाउनु | २०८०/८१ देखि ०८२/८३ सम्म | १५०००० | ५०० साना ४ पांग्रे सवारी साधन पार्किङ सुविधा उपलब्ध हुनेछ । |
| १३ | कमलपोखरी क्षेत्र जग्गा विकास आयोजना | नमूनाको रुपमा शहरी आवास पूर्वाधार तयार गर्नु | २०७९/८० देखि ०८४/८५ सम्म | ५००००० | ५०० रोपनी जग्गा विकास गरी आवास क्षेत्र तयार हुनेछ । |
| १४ | पोखरा घर निर्माण ( वडा नं. ९) | पोखराको पहिचान झल्काउने घर निर्माण गर्नु । | २०८०/८१ देखि ०८१/८२ सम्म | ६५००० | पोखराको मौलिकता दर्शाउने भवन निर्माण भएको हुनेछ । |
| १५ | बहुउद्देश्यीय घर निर्माण (वडा नं. ३३) | वडा नं. ३३ मा बहुउद्देश्यीय भवन निर्माण गर्नु । | २०८०/८१ देखि ०८१/८२ सम्म | ४०००० | वडा नं. ३३ मा बहुउद्देश्यीय भवन निर्माण भएको हुनेछ । |
| १६ | प्रहरी व्यारेक निर्माण | नगर प्रहरीका लागि व्यवस्थित व्यारेक निर्माण गर्नु । | २०८०/८१ देखि ०८२/८३ सम्म | ११०००० | नगर प्रहरीका लागि व्यवस्थित व्यारेक निर्माण भएको हुनेछ । |
| १७ | आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | २३९२७४ | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ । |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

महानगर क्षेत्रभित्र करिव दुई हजार किमि लामो सडक सञ्जाल रहेको छ । जसमध्ये करिब १ हजार ५ सय किमि सडकमा सार्वजनिक यातायात सञ्चालन भइरहेको छ । महानगरपालिका स्थापना पश्चात पोखराको प्राथमिकता जोडिएका नयाँ वडाहरूलाई मुख्य व्यापारिक केन्द्रसँग गुणस्तरीय सडकले जोड्नु रहेको छ । महानगरका सबै वडाहरूमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सेवा पुगेको छ । प्रमुख शहरी क्षेत्र र आसपासका क्षेत्रहरूमा सार्वजनिक बस, ट्याक्सी तथा अन्य सवारीसाधनको संख्या बढ्दै गए पनि ती साधनका लागि आवश्यक बसपार्क तथा निजी तथा साना सार्वजनिक गाडीहरूका लागि प्रशस्त पार्किङ स्थलहरू रहेका छन् । त्यस्तै यात्रु प्रतीक्षालय, ट्राफिक संकेत तथा व्यवस्थापन तथा सडक स्तोरन्नतिको कार्यहरू अगाडि बढेका छन् ।

### ५.२.२ समस्या तथा चुनौती

प्रमुख शहरी क्षेत्र, बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापनमा कमी रहेको छ । महानगरपालिकाले निर्धारण गरेको सडक अधिकार क्षेत्रभित्र घर, पर्खाल, विद्युत तथा टेलिफोनको पोलहरू र खानेपानीको लाइनहरू रहेको र विद्युतीय तार अन्डरग्राउन्ड नभई तारहरू छरिएकाले नगर क्षेत्रको सुन्दरता घटेको छ । ग्रामीण क्षेत्रमा कच्ची सडक र मौसमी यातयात सेवामा निर्भर रहनुपर्ने अवस्था रहेको छ । यस महानगरपालिकाको मुख्य बजार केन्द्रहरूमा आधुनिक बसपार्क तथा व्यवस्थित

पार्किङ सुविधाको कमी रहेको छ। पृथ्वीचोकको मुख्य बसपार्क अतिक्रमणको चपेटामा परेको छ भने अन्य साना बसपार्कहरूमा क्षमताभन्दा धेरै सवारीहरू पार्किङ गर्नुपरेको अवस्था रहेको छ। सडकको मापदण्ड लागु हुन नसक्दा धेरैजसो सडक साँघुरा छन् र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन। सडकको अधिकार क्षेत्र सुरक्षित हुन, सडकको दायाँबायाँ वृक्षरोपण गरी सुन्दरता कायम गर्न सकिएको छैन। नगर क्षेत्रका विभिन्न स्थानमा सडक अधिकार क्षेत्र अतिक्रमण, नगरका सडकहरूको रेखांकन, नक्शांकन, नामकरण र प्राथमिकता निर्धारणको कमी रहेको छ। सडक सुरक्षाका संकेतहरूको कम रहेको छ। महानगर क्षेत्रमा पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

### ५.२.३ सोच

“सुरक्षित, वातावरणमैत्री र दिगो सडक पूर्वाधार”

### ५.२.४ उद्देश्य

१. वातावरणीय सन्तुलनसहितका प्रविधिमा आधारित समावेशी यातयात सेवाका लागि आवश्यक पूर्वाधारको विकास गर्नु।

२. उपभोक्तामैत्री समावेशी गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु।

३. एकीकृत शहरी विकास तथा नगर यातायात पूर्वाधार निर्माण गर्नु।

### ५.२.५ रणनीति

१. पूर्वाधार निर्माणका लागि विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने।

२. पूर्वाधार निर्माणमा संघीय तथा प्रदेश सरकारसँग सहकार्य गर्ने।

३. छिमेकी स्थानीय सरकारहरूसँग सहकार्य गर्ने।

४. जलवायु परिवर्तन तथा वातावरणमैत्री यातायात प्रणालीको विकास गर्ने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ९१ | ९२ | ९३ | ९४ | ९५ |
| प्रति वर्ग कि.मि. सडक घनत्व | इन्डेक्स | ३.१ | ३.६ | ३.६५ | ३.७ | ३.७५ |
| कंक्रिट सडक | कि.मि. | १२२ | १३५ | १५० | १६० | १७० |
| कालोपत्रे सडक | कि.मि. | ८०० | ९०० | ९५० | १००० | १०५० |
| ग्राभेल सडक | कि.मि. | १५५ | १६५ | १७५ | १९० | २३० |
| मिश्रित सडक | कि.मि. | १६ | २० | ७० | ८० | ८० |
| राजमार्ग | कि.मि. | ७० | ७० | ७० | ८० | ८० |
| धुले सडक | कि.मि. | ५०० | ४५० | ४०० | ३५० | ३२५ |
| कुल सडक लम्बाई | कि.मि. | १६६३ | १७४० | १७६५ | १८१० | १८९० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २१८९०७९ | २१८९१ | २१६७१८९ | ० | १६२१७७५ | ५१८१७१ | ४९१३४ | ० |
| २०८१/८२ | २७५४३२२ | २७५४३ | २७२६७७९ | ० | १५७२९४९ | १०३४३०५ | ५२०२८ | ९५०४० |
| २०८२/८३ | ३१०८३८५ | ३१०८४ | ३०७७३०१ | ० | १८५६८८१ | १०९८२६७ | ५८१९८ | ९५०४० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएकोछः

| क्र. सं. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तालचोक वेगनास सडक निर्माण आयोजना | यातायात सुविधा व्यवस्थित बनाउनु | २०७९/८० देखि २०८३/८४ सम्म | ६००००० | ३.२८ कि.मि. नमुना सडक निर्माण हुनेछ । |
| २ | पोखरा चक्रपथ निर्माण आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखि २०८३/८४ सम्म | १०००००० | १०० कि.मि. लम्बाईको चक्रपथ निर्माण हुनेछ । |
| ३ | घाटीछिना दमदमे सिदाने पञ्चासे सडक स्तरोन्नती आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखि २०८०/८१ सम्म | ४०००० | ३ कि.मि. सडक कालोपत्रे भएको हुनेछ । |
| ४ | सुरौदी चवादी खोला प्रिस्ट्रेस मोटरेवल पुल | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखि २०८०/८१ सम्म | ९१८०४ | ४० मिटर सडक पुल निर्माण हुनेछ । |
| ५ | खुदीखोला पुल पहिलो | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखि २०८०/८१ सम्म | ५११५० | २५ मिटर सडक पुल निर्माण हुनेछ । |
| ६ | खुदीखोला पुल दोश्रो | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखि २०८०/८१ सम्म | ५११५० | २५ मिटर सडक पुल निर्माण हुनेछ । |
| ७ | सडक, ढल तथा फुटफाथ निर्माण (URLIP) | गुणस्तरीय तथा दिगो ढल तथा फुटफाथ सहितका सडक निर्माण गर्नु | २०८१/८२ देखि ८४/८५ सम्म | १३२०००० | गुणस्तरीय तथा दिगो ढल तथा फुटफाथ सहितका सडकको २० प्रतिशत निर्माण कार्य सम्पन्न भएको हुनेछ । |
| ८ | सडक निर्माण र मर्मत संभार अन्य सालबसाली कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | २२०००० | ७२ कि.मि. सडक तथा संरचना निर्माण सम्पन्न हुनेछ । |
| ९ | पुल निर्माण तथा मर्मत सालवसाली कार्यक्रम | यातायात र आवद्धता सहज बनाउनु | सालबसाली | २९०००० | १२ वटा पुल तथा कल्भर्ट निर्माण हुनेछन् । |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । सम्भाव्यता तथा

वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ५.३.१ पृष्ठभूमि

नेपालको सबैभन्दा बढी पानी पर्ने यस क्षेत्रमा सेती, विजयपुर, फुस्रे, मर्दी, काली, याम्दी आदि नदी तथा खोलाहरू रहेका छन् । फेवा, रूपा, बेगनास, दिपाङ, खास्टे, मैदी आदि तालहरूले गर्दा जलस्रोतका हिसाबले पोखरा धनी मानिन्छ । यसका साथै भूमिगत पानीको प्रयोग पनि यस महानगरपालिका प्रशस्तै भइरहेको छ । महानगरमा स्थापना भएका जलविद्युत् आयोजनहरूबाट ५ मेगाबाट जति विद्युत् उत्पादन भइरहेको देखिन्छ । विगत केही वर्षमा सौर्य ऊर्जाको उत्पादन तथा उपयोग निजी प्रयोजन, सडक बत्ती तथा मठमन्दिरहरूमा हुने गरेको छ । हावापानीका दृष्टि उपयुक्त मानिएका गोवर ग्याँसको उत्पादन र उपयोगका अभ्यास रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

पोखरामा अवस्थित नदी तथा तालहरूको किनारमा शहरीकरणको अत्यधिक चापका कारण नदी तथा ताल क्षेत्रमा बढ्दो अतिक्रमणको जोखिम रहेको छ । जलवायु परिवर्तनका कारण अतिवृष्टि, खण्डवृष्टिका साथै तालको बाँध फुट्ने जोखिम रहेको छ । नजिकैको हिमाली तथा उच्च पहाडी क्षेत्रमा भइरहने अप्रत्याशित भू-स्खलन, भूक्षय तथा बाढीका कारण तालहरूको जलाधार र सिमसार क्षेत्रका साथै सिंचाई तथा जलविद्युत् आयोजनाहरूमा क्षति पुग्ने उच्च जोखिम रहेको छ ।

त्यसैगरी शहरी क्षेत्रमा विद्युत्, टेलिफोन तथा इन्टरनेटका तारहरू जथाभावी सडकमा झुन्डिनु तथा विद्युत्को नियमित आपूर्ति पनि यहाँको समस्या हो । जलस्रोत तथा वैकल्पिक ऊर्जा विस्तार कार्यक्रम र हरित ऊर्जा प्रवर्द्धनका लागि महानगर स्तरीय एकीकृत नीति तथा कार्ययोजना समस्यमा रुपमा रहेको छ । तारहरूको भूमिगत व्यवस्थापन र सडक बत्ती तथा ट्राफिक संकेतहरूको एकीकृत व्यवस्थापनको कमी रहेको छ । परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक ऊर्जाको उपयोगमा कमी रहेको छ ।

### ५.३.३ सोच

"भरपर्दो तथा स्वच्छ ऊर्जाको दिगो उपयोग"

### ५.३.४ उद्देश्य

१. निजी क्षेत्र र समुदायको साझेदारीमा जलस्रोत तथा जलाधार संरक्षण, सदुपयोग एवम् सामुदायिक सिंचाईहरूको व्यवस्थापन गर्नु ।

२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु ।

### ५.३.५ रणनीति

१. जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र संवर्द्धनमा समुदायको क्षमता विकास गरी परिचालन गर्नु,

२. जलस्रोत र जलाधारहरूको समुचित विकासमा निजी क्षेत्र र समुदायसँग अर्थपूर्ण साझेदारी गर्नु ।

३. जलस्रोत व्यवस्थापन, जलविद्युत् तथा वैकल्पिक ऊर्जा उत्पादन बढाउन संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्नु ।

४. जलविद्युत् उत्पादन र वितरण सुदृढीकरण गर्दै हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ९८ | ९८ | ९८.५ | ९९ | १०० |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | १४ | १३ | १२.५ | १२ | ११.५ |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९० | ८९ | ८५ | ८० | ७० |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १ | १.५ | २ | ५ | ७ |
| विद्युत्बाट चल्ने सवारी साधन | प्रतिशत | ०.१ | ०.२ | ०.८ | १ | २ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७१५१५ | ३५७६ | ६७९३९ | ० | ६३०२८ | ८४८७ | ० | ० |
| २०८१/८२ | ७३३२२ | ३६६६ | ६९६५६ | ० | ६५१६१ | ८१६२ | ० | ० |
| २०८२/८३ | ८७१९९ | ४३६० | ८२८३९ | ० | ७५४७५ | ११७२४ | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युतीय गाडी चार्जिङ स्टेशन निर्माण आयोजना | प्रदुसण न्यूनीकरण गर्नु र नविकरणीय उर्जा खपतमा वृद्धि गर्नु । | २०७९/८० देखि २०८२/८३ सम्म | ६०००० | विभिन्न १० स्थानमा विद्युतीय चार्जिङ स्टेशन निर्माण भई सञ्चालन हुनेछन् । |
| २ | वैकल्पिक उर्जा तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु । | सालबसाली | ७६००५ | कार्वन उत्सर्जन वार्षिक २० प्रतिशतले कम हुने । |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ । उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद् तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नेपालको पन्ध्रौं आवधिक योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात् गरेर सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार तथा परियोजनामा

ठूलो लगानी गर्नुपर्ने औंल्याएको छ। पोखरा महानगरले आफ्नो दीर्घकालीन सोचको आधारपत्रमा नै सिर्जनशील, स्मार्ट र समुन्नत शहरका रूपमा विकास गर्ने उद्घोष गरेको छ। महानगरपालिकाका सबै क्षेत्रमा आधुनिक सूचना तथा सञ्चार सुबिधामा पहुँच रहेको छ। इन्टरनेट सुबिधाको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। महानगरपालिकाबासीहरूमा इन्टरनेटको उपयोग विस्तार भइ सकेको छ। इन्टरनेट पहुँचका लागि मोबाइल, वाइफाई फ्रि-जोन तथा स्थानीय वायरलेस इन्टरनेट सेवाको उपयोग हुने गरेको छ। यस महानगरपालिकामा एक सरकारी, ६ सामुदायिक तथा २७ वटा व्यावसायिक एफ एम रेडियो स्टेसनहरू रहेका छन्। पत्रपत्रिकाको सन्दर्भमा यहाँ १० वटा दैनिक पत्रपत्रिका र १२ वटा स्थानीय साप्ताहिक पत्रपत्रिका रहेका छन्।

### ५.४.२ समस्या तथा चूनौती

सञ्चार संस्थाहरूको संख्यात्मक वृद्धिसँगै गुणात्मक विकास हुन नसक्नु, पोलमा झुन्डिने तारयुक्त सञ्चार-प्रविधि वातावरण र शहरी सौन्दर्यका लागि चुनौतीपूर्ण बन्दै गएको छ। साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको कमी हुनु, टेलिसेन्टरहरूको सञ्चालनका लागि स्पष्ट मार्गचित्र नहुनु तथा यसको सेवामा विविधीकरण गर्न नसक्नु, महानगरभित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार पार्नु, पर्यटकीय क्षेत्रहरूमा तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिलाई बढावा दिनु र सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाह विकास गर्नुपर्ने चुनौती रहेका छन्।

### ५.४.३ सोच

"सूचना तथा सञ्चार प्रविधि आधारित विद्युतीय सुशासन"

### ५.४.४ उद्देश्य

१. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउँदै महानगरभर पहुँच वृद्धि गर्नु।

२. सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु।

### ५.४.५ रणनीति

१. महानगरपालिकाको सबै कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने,

२. महानगरपालिकाको आर्थिक गतिविधि र बोलपत्र आह्वानमा आधुनिक सञ्चार प्रविधिको प्रयोग गर्ने,

३. पोखरालाई सूचना प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान र व्यावसायिक केन्द्र (साइबर सिटी) का रूपमा विकास गर्ने,

४. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ८५ | ९० | ९३ | ९४ | ९५ |
| महानगरमा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ७ | ८ | १० | १५ | १५ |
| इन्टरनेट सुबिधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ७५ | ७८ | ७९ | ९० | ९५ |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५००६ | ५०१ | ४५०५ | ० | २१०१ | २९०५ | ० | ० |
| २०८१/८२ | ६०३८ | ६०४ | ५४३४ | ० | २१७२ | ३८६६ | ० | ० |
| २०८२/८३ | ७१८१ | ७१८ | ६४६३ | ० | २५१६ | ४६६५ | ० | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधिमैत्रि शासन प्रवर्द्धन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | १७६९९ | कार्यपालिका कार्यालय, २० विषयगत महाशाखा/शाखा र ३३ वडा कार्यालयमा योजना सम्झौता, घर नक्शा पास, प्रशासन, राजस्व, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा, सम्पत्ती व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन लगागत ७ प्रकार सेवा प्रवाहमा सूचना प्रणालीको प्रयोग हुनेछ। |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिचता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ६: वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तरगत वन तथा भू-संरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ६.१ वन, जैविक विविधता तथा भू-संरक्षण

### ६.१.१ पृष्ठभूमि

नेपालको सबैभन्दा बढी पानी पर्ने क्षेत्रका रुपमा परिचित पोखरा महानगरपालिका प्राकृति रुपमा सुन्दर क्षेत्र हो । विविधतायुक्त भूगोल रहेको यस क्षेत्रमा हरियाली तथा जैविक विविधताको उत्कृष्ट संयोजन रहेको छ । महानगरपालिकाभित्र रानीवन र पञ्चासे क्षेत्र जस्ता संरक्षित वन क्षेत्र सहित कुल ४५७ वटा सामुदायिक वन रहेका छन् । महानगरभित्र रामसार सूचीमा सूचीकृत ८ वटा र अन्य २ वटा गरी १० वटा ताल रहेका छन् । यी तालहरू स्वच्छ पानीका स्रोत हुनुका साथै साइबेरियादेखि आउने मौसमी चराहरूका बासस्थान पनि हुन् ।

जैविक विविधतासम्बन्धी एक अध्ययनमा पोखरा उपत्यकामा रहेका ताल, सिमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरीसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका बोटवृक्ष पाइने उल्लेख गरिएको छ। पोखरा उपत्यकाको प्राय: सबै स्थानबाट उत्तरतर्फ अन्नपूर्ण एवम् माछापुच्छ्रे हिमशिखरको मनमोहक दृश्यवलोकन गर्न सकिन्छ । यस क्षेत्रमा पानीका प्रशस्त प्राकृतिक स्रोत र मुहानहरू रहेका छन् ।

भू तथा जलाधार संरक्षणमा तीन वटै सरकारको पहल र अग्रसरता रहेको छ । नदि किनारा संरक्षण, पहिरो नियन्त्रण, सीमसार क्षेत्रको रुपमा सूचीकरण गर्दै जलाधार क्षेत्रको संरक्षण र तालहरूको सफाई जस्ता गतिबिधि सञ्चालन भएका छन् । पोखरा उपत्यकाको चारैतर्फ ससाना डाँडाहरूमा भिरालो जमिन भएकाले भूक्षय तथा सेती नदि कटानको जोखिम रहेको छ । उपत्यका वरिपरिको पहाडी बस्तीहरूमा बाक्लो मानव आबादी हुनुका साथै खेतीयोग्य जमिन छोएर बहने खोलाले बगाएर ल्याउने माटोको लेदोका कारण ताल तथा सिमसार क्षेत्रमा असर पुर्याउने गरेको छ। भूक्षय, हिउँपहिरोको कारण अनपेक्षित बाढी, आगलागी, महानगरका अर्मला र नदीपुर क्षेत्रमा अनपेक्षित रूपमा जमिन भासिने जस्ता विपद् जोखिमको अवस्था रहेको छ । एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षणको आवश्यक रहेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन । शहरीकरण तथा अतिक्रमणका कारण वन क्षेत्रको संरक्षणमा चुनौती थपिएको छ । सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि कानूनी अड्चनहरू रहेको छ। जलवायु परिवर्तनका कारण केही कमजोर क्षेत्रमा पहिरो जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर परेको छ। स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे कम जानकारी रहेको छ । शहरीकरणलाई व्यवस्थित हुन नसक्दा वन तथा जैविक विविधताको संरक्षणमा कठिनाइ भएको छ। दिगो र वैज्ञानिक वन व्यवस्थापन प्रणालीको अनुसरण हुन सकेको छैन ।

भिरालो जमीन तथा स्थानमा सडक निर्माण पश्चात् पहिरोको जोखिम बढेको छ। महानगरको भू-उपयोग योजना अनुसार भूमि व्यवस्थापन हुन नसक्दा भू-संरक्षण, भूमि व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापन लगायतका विभिन्न महत्वपूर्ण क्षेत्रमा दिगोपनको सुनिश्चितता गर्न कठिनाइ परेको छ। अनिश्चित

समयमा पानी पर्ने अतिवृष्टि, अनावृस्टि जस्ता जलवायुजन्य अनिश्चितता निरन्तर बढ्दै गएको छ। अव्यवस्थित विकास निर्माणका कारण भूस्खलन र पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) सेवामा क्षयीकरण, जलवायु परिवर्तनका कारण तल्लो तटीय क्षेत्रमा परेको नकारात्मक प्रभाव, जलाधार र सिमसार क्षेत्रमा मानवीय र प्राकृतिक (पुरिने समस्या) अतिक्रमण, ताल, जलाधार र सिमसार क्षेत्रको अतिक्रमण नियन्त्रण र प्राकृतिक स्वरूपमा संरक्षण गर्ने कार्य, जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण रोकी खानेपानी तथा सिंचाईका लागि आवश्यक पानीको सहज आपूर्ति सुनिश्चित गर्ने कार्य चुनौती रहेको छ।

### ६.१.३ सोच

"दिगो वन, जलाधार तथा पर्यावरण"

### ६.१.४ उद्देश्य

१. महानगरपालिकाको वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नु।

२. सबै प्रकारका वनहरूलाई व्यवस्थापन गरी वनबाट प्राप्त सेवा, सुबिधा, अवसर र पैदावरहरूको समानुपातिक वितरण प्रणालीको विकास गरी सामाजिक न्यायको प्रत्याभूति गर्नु।

३. माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत जलाधार व्यवस्थापन गर्नु।

### ६.१.५ रणनीति

१. वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गर्ने।

२. वन पैदावरमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने।

३. एकीकृत जलाधार व्यवस्थापन मार्फत् जल तथा जमिनको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी यसमा आश्रित जनताको जीवनस्तरमा सुधार ल्याउने।

४. राष्ट्रिय भू-उपयोग नीति तथा जोखिम संवेदनशील भू-उपयोग योजनाअनुसार भू-क्षमता वर्गीकरण (Land Capability Classification) तथा उपयुक्त भूउपयोग गर्ने।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| सामुदायिक वन | संख्या | ४५७ | ४५७ | ४५८ | ४५९ | ४६० |
| पार्क तथा उद्यान | संख्या | १० | १२ | १४ | १६ | २० |
| संरक्षित तालतलैया | संख्या | ६ | ७ | ८ | ९ | १० |
| बृक्षरोपण गरिएको क्षेत्र | हेक्टर | १५० | १६० | १७० | १८० | २०० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको क्षेत्र | व.मि. | ३०० | ३५० | ४०० | ४५० | ५०० |
| व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन भएका तालको संख्या | संख्या | ६ | ७ | ८ | ९ | १० |
| जैविक प्रविधिबाट नियन्त्रित खोला किनार, सडकको लम्बाइ | मिटर | १०० | १२०० | १५०० | १८०० | २००० |
| पुनर्भरण पोखरी | संख्या | १२ | १४ | १६ | १८ | २० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भू-संरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४३०३ | १४३० | १२८७३ | ० | ० | १३२७९ | १०२४ | ० |
| २०८१/८२ | १५५२७ | १५५३ | १३९७४ | ० | ० | १४४२० | ११०७ | ० |
| २०८२/८३ | १८४६६ | १८४७ | १६६१९ | ० | ० | १७१७२ | १२९३ | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | शहिद तथा राष्ट्रिय विभुती पार्क निर्माण आयोजना | हरियाली तथा पर्यटन सुविधा विस्तार गर्नु | २०७९/८० देखि २०८१/८२ | ६१५०० | १०० रोपनी हरियाली थप हुने, वार्षिक १ लाख पर्यटकको आगमन हुनेछ। |
| २ | कमलपोखरी संरक्षण आयोजना | बाँध निर्माण गरी बाढी नियन्त्रण र पोखरीको संरक्षण गर्नु | २०७९/८० देखि २०८२/८३ | १००००० | बस्ती संरक्षण, जलाधार क्षेत्र संरक्षण, बाढी नियन्त्रणमा वृद्धि हुनेछ। |
| ३ | वन तथा हरियाली प्रवर्द्धन, तालको जलाधार व्यवस्थापन, भू-संरक्षण तथा नदि नियन्त्रण अन्य सालबसाली कार्यक्रम | वनको दिगो व्यवस्थापन, हरियाली क्षेत्र विस्तार, ताल संरक्षण, नदि नियन्त्रण तथा बस्ती र जमीनको संरक्षण गर्नु | सालबसाली | ३२१७५ | हरियाली क्षेत्र, वनमा आधारित आयआर्जन कार्यक्रममा २० प्रतिशले वृद्धि हुने तथा ताल पुरिने क्रममा कमी आउनेछ। |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनको असर, कोभिड-१९ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

पोखरा महानगरपालिकाले नागरिकको घरघरबाट फोहोरमैला संकलन र बाच्छेबुडास्थित ल्यान्डफिल्ड साइटमा लगरे व्यवस्थापन गर्ने अभ्यास रहेको छ। यस कार्यमा महानगरपालिकाबाट ५ वटा र निजी कम्पनीका २२ वटा गाडीको साथै ४ वटा कम्प्याक्टर दैनिक रूपमा सञ्चालन भइरहेको छ। सार्वजनिक निजी साझेदारीमा सञ्चालित यो फोहोरमैला व्यवस्थापन प्रणालीले पोखरा महानगरपालिकाका ३३ वटै वडाका करिब एक लाख घरधुरीलाई सेवा प्रदान गरिरहेको छ। महानगरपालिकाका केही ग्रामीण क्षेत्रमा भने स्थानीयस्तर मै फोहोरमैला

व्यवस्थापनको अभ्यास रहेको छ। विश्व बैंकले गरेको पछिल्लो अध्ययनअनुसार पोखरामा प्रतिदिन करिब १८७ टन मिश्रित घरायसी फोहोर उत्पादन हुने गरेको छ।

त्यस्तै महानगर क्षेत्रमा अस्पतालजन्य फोहोरमैलालाई बेग्लै संकलन गरी प्रशोधन गरेर मात्र ल्यान्डफिल्ड साइटमा व्यवस्थापन गर्ने गरिएको छ। पोखराका कुल ३३ अस्पताल, ३९ हेल्थपोस्ट र शहरी भागका मेडिकल र फार्मेसीहरूबाट निस्कने हस्पिटलजन्य फोहोरमैलालाई संकलन गरी ल्यान्डफिल्ड साइटमा रहेको हस्पिटलजन्य फोहोर प्रशोधन केन्द्रमा प्रशोधन गरी व्यवस्थापन गर्ने गरिएको छ। पछिल्लो तथ्याङ्कअनुसार पोखरामा दैनिक करिब १० टन अस्पतालजन्य फोहोर निस्कने गर्दछ। महानगरपालिकाले वैकल्पिक ल्यान्डफिल्ड साइटको खोजी गरिरहेको र पोखराको वडा नं ३३ को उपल्लो पुँडीटारमा साइट व्यवस्थापनको तयारी भइरहेको छ।

### ६.२.२ समस्या तथा चुनौती

पोखरा महानगरका लागि सबैभन्दा ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपविारको संख्या बढ्दै जानु, विद्यमान ल्यान्डफिल्ड साइटको प्राविधिक आयु पूरा हुनु र विमानस्थलका कारण स्थानान्तरण नगरी नहुने अवस्था आउनु हो। यस्तो अवस्थामा दैनिक विसर्जन हुने फोहोरमैलाको स्थानीय समुदायको सहमतिमा वैकल्पिक साइटको विकास र दिगो सञ्चालन मुख्य चुनौतीका रूपमा देखिएको छ। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर ल्यान्डफिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसरसँगै चुनौती पनि थपिएको छ।

### ६.२.४ उद्देश्य

१. डिजाइन अवधि सकिएको र अन्तर्राष्ट्रिय विमानस्थललाई प्रतिकूल असर गर्ने विद्यमान ल्यान्डफिल्ड साइटको वैकल्पिक व्यवस्था गर्नु।

२. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन र वृत्ताकार अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु।

### ६.२.५ रणनीति

१. वैकल्पिक साइटको व्यवस्था गरी स्थानान्तरण गर्ने।

२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन तथा व्यवस्थापनको वैकल्पिक व्यवस्था गर्ने।

३. फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी आयतन घटाउने अभियान सञ्चालन गर्ने।

४. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| स्यानीटरी ल्यान्डफिल्ड साइट | संख्या | १ | १ | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | ३२ | ३५ | ३८ | ४० | ४२ |
| आधुनिक सरसफाइ सुबिधा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ७० | ७८ | ८४ | ८८ | ९४ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ |

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| वतावरण संरक्षण र विपद् व्यवस्थापन स्वमूल्यांकन सूचक | प्रतिशत | ६७ | ७० | ७२ | ७५ | ७७ |

## ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १७१६३६ | ३४३२७ | १३७३०९ | ० | ४२०१९ | १२८५९४ | १०२४ | ० |
| २०८१/८२ | १८९७७५ | ३७९५५ | १५१८२० | ० | ४३४४० | १४५२२७ | ११०७ | ० |
| २०८२/८३ | १९४९१५ | ३८९८३ | १५५९३२ | ० | ५०३१७ | १४३३०५ | १२९३ | ० |

## ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम (गँदे ताल, खोप्टे ताल, रुपा ताल, सिमल ताल र काष्यप ताल) | ताल तथा सिमसार क्षेत्रको संरक्षण गर्नु | २०७९/८० देखि २०८२/८३ | ५००००० | महानगर क्षेत्रका प्रमुख ९ वटा तालको सिमाङ्कन, संरक्षण र सम्बर्द्धन हुनेछ । |
| २ | फोहोरमैला प्रशोधन आयोजना | फोहारमैलाको प्रशोधन गरी उर्जा उत्पादन गर्नु | २०७९/८० देखि २०८४/८५ | २२५०००० | फोहोरमैला प्रशोधनबाट १० मेगावाट विद्युत उत्पादन हुनेछ । |
| ३ | नयाँ स्यानीटरी ल्याण्डफिल साइट निर्माण र सञ्चालन | ल्याण्डफिल साइट स्थानान्तरण गर्नु | २०७९/८० देखि २०८२/८३ | १५०००० | एक आधुनिक स्यानीटरी ल्याण्डफिल साइट निर्माण सम्पन्न हुनेछ । |
| ४ | ल्याण्डफिल साइट मर्मत सुधार तथा प्रवर्द्धन कार्यक्रम | ल्याण्डफिल साइटको समुचित व्यवस्थापन गर्नु | सालबसाली | ९७५०० | वातावरण संरक्षणमा सुधार र प्रदुषण न्यूनीकरण हुनेछ |
| ५ | फोहोरमैला व्यवस्थापन अन्य कार्यक्रम | वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्नु | सालबसाली | २५४९३३ | दैनिक १०० मे.ट. फोहोर मैलाको वर्गीकरण, प्रशोधन, परिचालन व्यवस्थित हुनेछ । |

## ६.२.९ जोखिम पक्ष तथा पूर्वानुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

यस महानगरमा प्रमुख विपद् प्रकोपका रुपमा जल उत्पन्न प्रकोप, असिना, आगलागी, कोभिड-१९ लगायतका महामारी र जमिन भासिने (सिंकहोल) रहेका छन् । महानगर सक्रिय भूकम्प जोखिम क्षेत्रमा रहनुका साथै यस क्षेत्रमा दुई ओटा भुकम्पीय दरार रेखा (फल्ट लाइन) पनि रहेका छन् । सेती नदी, काली खोला, मर्दी, अर्पु खोला, ताल खोला र खुँदी खोलामा बाढीको जोखिम रहेको छ । एनएलयुपीको अध्ययनअनुसार साविक पोखरा उपमहानगरपालिका क्षेत्रमा ६२ प्रतिशत भू-भाग २० डिग्रीभन्दा कम भिरालो भएकाले पहिरोको जोखिम कम छ । तथापि २५ प्रतिशत भू-भाग भने उच्च पहिरो जोखिम क्षेत्रमा रहेको पाइएको छ ।

त्यसैगरी, साविक लेखनाथ नगरपालिकामा भने बढी भू-भाग २५ देखि ३५ डिग्री भिरालोपन भएको क्षेत्र छ । पोखरा महानगरपालिकाले स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन निर्माण गरी कार्यान्वयन ल्याएको छ । पोखरा महानगरपालिकाको विपद् व्यवस्थापनको जिम्मेवारी नगर प्रहरी प्रमुखको नेतृत्वमा रहेको वातावरण तथा विपद् व्यवस्थापन शाखाले लिएको छ । हिमाल आरोहणदेखि प्याराग्लाइडिङ जस्ता विभिन्न साहसिक पर्यटकीय गतिविधिहरू जोखिमयुक्त रहेकाले संघ तथा प्रदेश सरकार, सुरक्षा निकाय (नेपाली सेना सहित), रेडक्रस र निजी व्यावसायिक संघ/संस्थाको सहकार्यमा विपद् न्यूनीकरण र प्रतिकार्यसँग सम्बन्धित संस्थागत संयन्त्र विद्यमान रहेको छ ।

### ६.३.२ समस्या तथा चुनौती

क्षेत्रफलका हिसावले पोखरा मुलुककै ठूलो महानगर र सबैभन्दा पुरानोमध्येको एक नगरपालिका भएपनि विभिन्न संस्थागत तथा स्रोतको कमीका कारण विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा व्यवस्थापनलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन । महानगरमा आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा भएका छैनन् । जोखिम सूचना संकलन तथा सञ्चार प्रणालीको कमी तथा शहरी योजना र उत्थानशीलता रणनीतिहरूमा विपद् जोखिम सूचनाको एकीकरण नहुनुका कारण केही हदसम्म विपद् जोखिम व्यवस्थापनमा संस्थागत तयारीको कमी देखिन्छ । पोखरामा अन्य सरकारी निकायको बलियो उपस्थितिका कारण विपद् व्यवस्थापन सहज भएको जस्तो देखिए पनि महानगरपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको क्षमता यस क्षेत्रमा न्यून नै छ ।

यस महानगरपालिका आकस्मिक प्रतिकार्यका सन्दर्भमा अहिलेको अवस्थामा केही सहज देखिए तापनि भविष्यमा कुनै ठूलो विपद् आइलागेमा त्यसको सामना गर्न अझै पनि तयारीको कमी रहेको देखिन्छ । पूर्व मनसुन र मनसुनको समयमा मनसुनी वर्षाले नियमित रूपमा असिना, हाबहुरी, बाढी, पहिरो, डुबानका समस्या सिर्जना गर्ने गरेको छ । डोजरको जथाभावी प्रयोगले भूक्षय भई तालतलैया, खेतीवारी, जलविद्युतका बाँध पुरिने तथा भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढदै गएको छ ।

### ६.३.३ सोच

"बहुप्रकोप व्यवस्थापनमा सक्षम, सुरक्षित र उत्थानशील महानगर"

### ६.३.४ उद्देश्य

१. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु ।

२. महानगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

### ६.३.५ रणनीति

१. विपद् रोकथाम, पूर्वतयारी र द्रुत प्रतिकार्यमार्फत् क्षति न्यूनीकरण गर्ने ।

२. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सबलीकरण गर्ने

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| क्षतिपूर्ती वितरण गरिएका विपद्का घटना | संख्या | २७ | २८ | २५ | २२ | २० |
| राहत वितरण गरिएका विपद् प्रभावित घरधुरी | संख्या | १४० | १२६ | ११५ | १०० | ९५ |
| सञ्चालित विपद् सचेतना कार्यक्रम | संख्या | २ | ३ | ५ | ७ | ८ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ५५ | ६० | ७० | ८० | ९० |
| राष्ट्रिय पुनःनिर्माण प्राधिकरण सँगको सहकार्यमा पुनःनिर्माण भएका संरचना | संख्या | ३३ | २५ | २० | १५ | १० |
| आगलागीका घटना | संख्या | १९६ | १८२ | १७० | १६० | १५० |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४२९०९ | १२८७३ | ३००३६ | ० | २१००९ | २०८७६ | १०२४ | ० |
| २०८१/८२ | १३९७४३ | ४१९२३ | ९७८२० | ० | ४३४४० | ७६८०९ | २२१४ | १७२८० |
| २०८२/८३ | १७४३९८ | ५२३१९ | १२२०७८ | ० | ५०३१७ | ९५५७५ | २५८७ | २५९२० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद जोखिम न्युनीकरण केन्द्र (URLIP) | विपद्बाट हुने क्षती न्यून गर्नु । | २०८१/८२ देखि ८४/८५ सम्म | २४०००० | केन्द्र स्थापना भई विपद्बाट हुने क्षतिमा वार्षिक १५ प्रतिशत कमी आउनेछ । |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्नु । | सालबसाली | १४८४९२ | विपद्बाट हुने क्षति र जलवायु परिवर्तनको प्रभावमा वार्षिक १० प्रतिशत कमी आउनेछ । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारी क्षमता विकास र व्यवस्थापन, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, कोभिड १९ र अन्य विपद् जोखिममा वृद्धि, आर्थिक सिथिलता, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

महानगरपालिकाले आवश्यक पर्ने सुशासन ऐन, शिक्षा ऐन, पूर्वाधार विकास व्यवस्थापन ऐन, सहकारी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, फोहोरमैला व्यवस्थापन ऐन, कर तथा गैरकर राजस्वसम्बन्धी ऐन लगायत ८० भन्दा बढी विषयमा नीति तथा ऐन निर्माण, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । गत आर्थिकको तुलनामा आ.व. २०७९/८० मा न्यायिक समितिमा दर्ता भएका उजुरीमा केही वृद्धि भई १७० पुगेकोमा निर्णय तथा मेलमिलाप गरी जम्मा १२७ मुद्दाहरू फछ्र्यौट भएका छन् भने बाँकी मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा विचाराधीन रहेका छन् ।

### ७.१.२ समस्या तथा चुनौती

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापनालगायतका समस्या तथा चुनौती विद्यमान रहेका छन् । नेपालको संविधान व्यवस्था अनुसार महानगरपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालना हुन सकिरहेको छैन ।

### ७.१.३ सोच

“पारदर्शी र जवाफदेही महानगर”

### ७.१.४ उद्देश्य

- शहरी शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,

### ७.१.५ रणनीति

१. शहरी शासन तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने,

२. नगरपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने,

३. न्यायमा नागरिकको पहुँचका लागि सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने,

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| नयाँ नीति, कानून र कार्यविधि तर्जुमा (मस्यौदा समेत) | संख्या | ३७ | ३१ | २५ | २६ | २७ |
| नयाँ दर्ता भएका विवाद | संख्या | ११३ | ९४ | ९० | ८५ | ८० |
| न्याय निरुपण भएका मुद्दा | प्रतिशत | ६२ | ७० | ७५ | ८० | ८५ |
| मेलमिलापबाट समाधान भएका विवाद | संख्या | १५ | १५ | २० | २४ | २८ |
| जिल्ला अदालत पुनरावेदनमा भएका मुद्दा | संख्या | १२ | १९ | १५ | १२ | १० |
| विभिन्न तहका अदालतमा महानगर पक्ष भएका चालु मुद्दा | संख्या | ४९ | ४१ | ३५ | २६ | २० |
| न्यायिक कार्यसम्पादनको स्वमूल्यांकन सूचक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०७२७३ | ९६५४५ | १०७२७ | ० | १०७२७३ | ० | ० | ० |
| २०८१/८२ | १३१९८० | ११८७८२ | १३१९८ | ० | १३१९८० | ० | ० | ० |
| २०८२/८३ | १५६९५८ | १४१२६२ | १५६९६ | ० | १५६९५८ | ० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति, कानून, सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | शहरी शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | ३७९२७ | नीति, कानून तथा कार्यविधि परिपालनामा २० प्रतिशतले वृद्धि हुनेछ। |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

हाल महानगरपालिकाको मुख्य कार्यालय पुराना भवनहरूमा सञ्चालनमा रहेको छ, जुन जीर्ण तथा भूकम्पीय दृष्टिकोणले असुरक्षित देखिन्छ। यसका अतिरिक्त महानगरका ३३ ओटा वडा कार्यालयहरू मध्ये जम्मा २७ वडा कार्यालय आफ्नै भवनमा र अन्य भाडाका घरमा सञ्चालन गरी सरकार सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन एक द्वार सेवा प्रणाली र गुनासो सुनवाईका लागि हेल्लो मेयर हटलाईन शुरु भएको छ। एकीकृत सेवासहितको नगर कार्यपालिका, ३३ ओटै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय,

स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको र उपरोक्त कार्यालयहरूको स्तरोन्नतिका लागि प्रयास भइरहेको छ । महानगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ । महानगरपालिकाको कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरी सो बमोजिमको महाशाखा तथा शाखाहरूको व्यवस्था, विद्यमान कर्मचारीहरूको मिलान तथा थप कर्मचारी प्राप्ति गर्ने प्रक्रिया कार्यान्वयनमा रहेको छ । संघीय संरचनाअनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल महानगरपालिकामा विषय क्षेत्रगतसमेत १०७७ जना कर्मचारी कार्यरत छन् ।

### ७.२.२ समस्या तथा चुनौती

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ । महानगरपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन सकेको छैन । जनशक्तिको परिचालन तथा महानगरको सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन । महानगरबाट भएका कार्यहरुको उचित अभिलेख व्यवस्थापन र सबैले बुझ्ने गरि पसूिचकहरु सहितको प्रतिवेदन प्रकाशन गर्ने प्रचलन नभएकोले पारदर्शितामा प्रश्न उठ्ने गरेको छ ।

### ७.२.३ सोच

“विधिको शासन तथा पारदर्शी सेवा प्रवाह”

### ७.२.४ उद्देश्य

- स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने,

२. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने,

२. नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने,

३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| महानगरमा कार्यरत मानव संशाधन | संख्या | ११७६ | १०७७ | १०७५ | १०७५ | १०७५ |
| महानगरस्तरीय सार्वजनिक सुनवाई | संख्या | १ | १ | २ | २ | ३ |
| वडा र महानगर तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| वडा सचिवहरुको समन्वय बैठक | संख्या | ४ | ३ | ६ | ९ | १२ |
| सामाजिक परिक्षण | संख्या | १ | १ | २ | ३ | ४ |
| सर्वदलिय सर्वपक्षीय बैठक | संख्या | ३ | ६ | ८ | ९ | १० |
| संगठन तथा प्रशासनको स्वमूल्यांकन सूचक | प्रतिशत | २५ | ३५ | ४० | ४५ | ५० |
| शसकीय प्रवन्धको स्वमूल्यांकन सूचक | प्रतिशत | ७७.७८ | ८० | ८२ | ८४ | ८५ |
| सेवा प्रवाहको स्वमूल्यांकन सूचक | प्रतिशत | ७६.५६ | ७८ | ८० | ८१ | ८२ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८१५६३१ | ८१५६३१ | ० | ० | ८१५६३१ | ० | ० | ० |
| २०८१/८२ | ८६२६१३ | ८६२६१३ | ० | ० | ८६२६१३ | ० | ० | ० |
| २०८२/८३ | ९५९१८८ | ९५९१८८ | ० | ० | ९५९१८८ | ० | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | २९६२६०८ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा २५ प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिवृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ। महानगरपालिकाको राजस्व सम्भाव्यता उच्च रहेको छ। महानगरको कुल बजेटको करिब ३० प्रतिशत मात्रै आन्तरिक स्रोतबाट प्राप्त हुने गरेको छ। पोखराको भूगोल, जनसंख्या र अन्य परिसूचकका आधारमा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण पनि तुलनात्मक रुपमा राम्रो देखिएको छ। वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमश: बढ्दै गएको छ।

### ७.३.२ समस्या तथा चुनौती

महानगरपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ। विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ।

### ७.३.३ सोच

"सुदृढ र प्रगतिशिल राजस्व प्रणाली"

### ७.३.४ उद्देश्य

- आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,

### ७.३.५ रणनीति

१. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने,

२. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु.हजार | ९.२ | ११.६ | १३.९ | १४.५ | १६.० |
| वार्षिक आन्तरिक आय रकम | रु.लाखमा | १०५७३ | १६०८३ | २२७८७ | २५०६६ | २७५७३ |
| कुल वार्षिक बजेट खर्च | रु.लाखमा | ५४२६६ | ९०८५४ | ७१५१५ | ८३९८३ | ९७३४६ |
| सञ्चित बेरुजु रकम | करोड | ३०३.९० | २७५.५ | २५० | २२० | २०० |
| मासिक रूपमा वडाको आम्दानी र खर्चको विवरण सहित प्रतिवेदन गर्ने महाशाखा, शाखा र वडा | प्रतिशत | ८० | ९७ | १०० | १०० | १०० |
| वित्तीय एवं आर्थिक व्यवस्थापनको स्वमूल्यांकन सूचक | प्रतिशत | ५० | ६० | ६५ | ७० | ७५ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३५७६ | ३२१८ | ३५८ | ० | ३५७६ | ० | ० | ० |
| २०८१/८२ | ३४५० | ३१०५ | ३४५ | ० | ३४५० | ० | ० | ० |
| २०८२/८३ | ४१०३ | ३६९३ | ४१० | ० | ४१०३ | ० | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक र बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु | सालबसाली | १२६४२ | आन्तरिक आय तथा राजस्वमा वार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

महानगरको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउने मुख्य ध्येयका साथ महानगरले 'पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७-८२)' तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसैगरी महानगरको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना तर्जुमा गरी सोको आधारमा आयोजना बैंक तयार गर्ने र मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र

मध्यमकालीन खर्च संरचना अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याइएको छ ।

नगर सभाबाट न्यायिक समिति, विद्यान समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापन लगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुबिधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ। नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना, महानगरपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ सोच

“प्रमाण तथा नतिजामा आधारित विकास प्रशासन”

### ७.४.४ उद्देश्य

१. शहरी योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु,

### ७.४.५ रणनीति

१. योजना व्यवस्थापन प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने,

२. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने, र

३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७८/७९ को वास्तविक | २०७९/८० को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| चलु अवस्थाका दीर्घकालीन, मध्यमकालीन, रणनीतिक, आवधिक तथा विषय क्षेत्रगत कार्ययोजना | संख्या | ६ | ७ | ८ | १० | १२ |
| वर्षिक बजेट तथा योजना व्यवस्थापनको स्वमूल्यांकन सूचक | प्रतिशत | ७७.२७ | ८० | ८२ | ८३ | ८५ |
| महानगरको भौतिक पूर्वाधारमा स्वमूल्यांकन सूचक | प्रतिशत | ५७.६९ | ६० | ६५ | ७० | ७५ |
| सहकार्य र समन्वयमा स्वमूल्यांकन सूचक | प्रतिशत | ६६.६७ | ६९ | ७२ | ७५ | ७७ |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५३६४ | ४२९१ | १०७३ | ० | ५३६४ | ० | ० | ० |
| २०८१/८२ | ५१७६ | ४१४१ | १०३५ | ० | ५१७६ | ० | ० | ० |
| २०८२/८३ | ६१५५ | ४९२४ | १२३१ | ० | ६१५५ | ० | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | महानगरको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु, | सालबसाली | ३७९२७ | आवधिक योजनाको आधारमा विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने र सो बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ। |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरू र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ।

## अनुसूची १ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### पृष्ठभूमि

नेपालमा संङ्घीय शासन व्यवस्था कार्यान्वयनको यात्रामा अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको लहरले अवसरका ढोकाहरू खुल्दै गएको छ । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास उपलब्धि हासिल गर्ने गति तिब्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहाना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ। नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरूको घरदैलोमा विकासको मार्ग कोर्न आवश्यक छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाडी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा सांस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ ।

उपरोक्त सन्दर्भमा सरोकारवाला पक्षसमेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्नु पर्दछ। यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नुपर्नेछ। स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्न सक्ने र चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ। योजनाले उपलब्ध हुनसक्ने संभाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । यस अवस्थामा आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम छनौट तथा सोको लागि बजेट विनियोजन गर्नु जरुरी देखिन्छ ।

यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान नगर सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। यसै गरी उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरूको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ । यस प्रकार खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नु पर्ने अवस्था आउँदैन ।

यस प्रकार व्यवस्थित, प्रभावकारी र नतिजामूलक रुपमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च खर्च संरचना तर्जुमा प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत महाशाखा/शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ। कार्यपालिकाबाट संबन्धित शाखा/उपशाखा/एकाइ वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाको आधारमा यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा आवधिक योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु मध्यमकालीन खर्च संरचना आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

यस महानगरपालिकाको चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम महानगरपालिका, समुदाय तथा नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साभ्फेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको देखिन्छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नुपर्ने सिकाई समेत भएको छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र हालसम्मको उपलब्धि समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको संभव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपक्षेगत रुपमा तर्जुमा गर्नुपर्नेछ ।

## योजना तथा बजेट तर्जुमाका आधारहरू

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाका प्रस्तुत गर्दछ । बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास र समृद्धी हासिल गर्ने प्रमुख औजारको रुपमा लिइन्छ । यसका साथै संविधान व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरूको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ । नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न महानगरपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछ:

१. नेपालको संवधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)

२. महानगरपालिका को कार्य सम्पादन तथा कार्य विभाजन नियमावली

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेद: वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्यवको अनुमान, परिच्छेद ८: वित्तिय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सार्वजनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा पन्धौ योजनाको सार्न्दभिक बुँदाहरू

१०. प्रथम आवधिक नगर विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

## बजेट सीमा

आगामी आ.व. २०८०/८१ समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा कार्यक्रम र विषयगत उप-क्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उप-क्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ :

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **१.** | **आर्थिक विकास** | २०८०/८१ | ६३७२०० | १३९०८३ | ४९८११७ | ० | २१७५१२ | ४१०४७६ | ९२१३ | ० |
| | | २०८१/८२ | १२४३८८७ | १५९९८९ | १०८३८९९ | ० | २६७००३ | ८६३०७९ | ९९६३ | १०३८४२ |
